सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

आदेश

०७८-WO-०१२४

विषयः उत्प्रेषण

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. १० मा अवस्थित वातावरण कानून समाज नेपालको तर्फबाट र आफ्नो हकमा समेत ऐ. को अध्यक्ष का.जि.का.म.न.पा. वडा नं. १० बस्ने वर्ष ५६ को अधिवक्ता पदमबहादुर श्रेष्ठ को वारेस भई आफ्नो हकमा समेत ऐ.ऐ. को महासचिव का.जि.का.म.न.पा. वडा नं. १५ बस्ने वर्ष ३६ को अधिवक्ता षटकोण श्रेष्ठ........................................................१<br>ऐ.ऐ. को सदस्य का.जि.का.म.न.पा. वडा नं. १० बस्ने वर्ष २४ को हार्दिक सुबेदी........................................................१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं.........१<br>वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं........................१<br>वातावरण विभाग, बबरमहल, काठमाडौं...........................................१<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं..............१<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं.................१<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार...............१ | विपक्षी |

नेपालको संविधान, २०७२ को धारा ४६ र धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार छः-

तथ्य खण्ड

१. नेपाल सरकारद्वारा मिति २०७८।०२।१५ मा अध्यादेश मार्फत आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको वातावरण संरक्षणसम्बन्धी बुँदा नं.१६० मा

प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री-वितरण र प्रयोगमा आगामी श्रावण १ गते देखि पूर्ण प्रतिवन्ध लगाएको, व्यापारिक प्रतिष्ठानहरूमा प्लाष्टिकका झोलाको सट्टा सुती, जुट वा कागजका झोला प्रयोग गर्ने व्यवस्था मिलाइने तथा सम्बन्धित उद्योगहरूलाई प्रविधिगत रूपान्तरणका लागि पुँजीगत अनुदान उपलब्ध गराइने नीति घोषणा गरिएको भएतापनि ४० माइक्रोनभन्दा पातला प्लाष्टिकजन्य सामग्रीको उत्पादन, आयात, बिक्री, वितरण तथा प्रयोग यथावत् रहेकाले यसबाट राज्यको वातावरण संरक्षणसम्बन्धी संवैधानिक दायित्व तथा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक नै प्रभावित भएको छ। त्यस्तै, विपक्षी नेपाल सरकारको तत्कालीन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१ चैत्र १८ गते,सङ्ख्या ४५, भाग ५, बाट नेपाल राजपत्रमा प्रकाशित गरिएको सूचनामा काठमाडौं उपत्यकालाई स्वच्छ सफा र प्रदूषणमुक्त बनाउने उद्देश्यले २०७२ साल वैशाख १ गतेदेखि लागू हुने गरी ४० माइक्रोन मोटाई भन्दा कम तौलका प्लाष्टिकका झोलाहरुको आयात भण्डारण बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाइएकोमा सो कार्यान्वयन नभएपछि सम्बन्धित निकाय र सरोकारवालाहरूलाई बारम्बार ध्यानाकर्षण गराउने कार्य गर्दा पनि कहि कतैबाट कार्यान्वयन हुन सकेन। ०७८।७९ को बजेटको बुँदा नं. १६० कार्यान्वयन गर्नको लागि पत्राचार गर्दा आजसम्म पनि कुनै वास्ता चासो समेत गरेको देखिएन।

पेट्रोलियम पदार्थको by product को रूपमा उत्पादन हुने प्लाष्टिक non-biodegradable भएका कारण decompose हुन नसकी माटोको उर्वरा शक्ति घटाउने, पुनः प्रयोग नगरिएको अवस्थामा बाल्दा dioxin furan जस्ता carcinogenic gas उत्सर्जन हुने तथा पातलो प्लाष्टिकले वातावरणमा झनै नकारात्मक प्रभाव पार्ने हुँदा विपक्षीहरूबाट प्रतिबन्ध गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्था भईसक्दा पनि कार्यान्वयन हुन नसक्ने कानून तथा संविधानको बर्खिलाप हो। नेपालको संविधानको धारा ३० ले प्रत्येक मानवले स्वच्छ र स्वस्थ वातावरणमा जीवनयापन गर्न पाउनुपर्ने मौलिक हकको व्यवस्था गरेको हुँदा सो को कार्यान्वयन गर्न कानून तथा मपादण्डहरूको लागू गर्ने सम्पूर्ण दायित्व राज्य पक्षको हुन्छ। तसर्थ, उक्त कानूनी तथा मापदण्डका व्यवस्थाहरूको लागू गरी काठमाडौं उपत्यकालाई स्वच्छ र प्रदूषणमुक्त बनाउने उद्देश्यले तत्कालीन विज्ञान,

प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१।१२।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम २०७४।०१।०१ देखि ४० माइक्रोंसम्मा मोटाइ भएका प्लाष्टिक झोलाको आयात, भण्डारण, बिक्री, वितरण तथा प्रयोगमा प्रतिबन्ध लगाउने र आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको वातावरण संरक्षण अन्तर्गत बुँदा नं.१६० बमोजिम २०७८।०४।०१ देखि ४० माइक्रोंभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री, वितरण तथा प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउने व्यवस्थाको देशव्यापी रुपमा प्रभावकारी ढङ्गले कार्यन्वयन गर्नु गराउनु भनी बिपक्षीहरुको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ तथा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म देशभर कार्ययोजनासहित उक्त प्रतिबन्धको तत्काल कार्यन्बयन प्रारम्भ गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने व्यहोराको अधिवक्ता पदम बहादुर श्रेष्ठसमेतको तर्फबाट यस अदालतमा दायर भएको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै देहाय बमोजिमको कार्य गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) बमोजिम जारी गरिएको

**अन्तरिम आदेशः**

१. आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं १६० मा ४० (चालिस) माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री बितरण र प्रयोगमा मिति २०७८।४।१ देखि पूर्णरुपमा प्रतिबन्ध लगाउने व्यहोरा उल्लेख भएको र यस पूर्व समेत बिभिन्न मुद्दामा पटक पटक आदेश भएको समेत देखिएकाले बजेट व्यहोरामा उल्लिखित प्रावधानको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार संविधान बमोजिम प्रदेश र स्थानीय तहको अधिकारको

सूचीमा पर्ने विषयमा ती निकायसँग समेत आवश्यक समन्वय गरी विपक्षीमध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवले संयोजन गरी अन्य निकायका जिम्मेवार पदाधिकारीहरुको सहभागितामा यो आदेश प्राप्त भएका मितिले १० (दश) दिनभित्र सम्बन्धित निकायहरुले गर्नुपर्ने काम, कर्तव्य, जिम्मेवारी, सो जिम्मेवारी पूरा गर्ने समय, जिम्मेवार अधिकारी र जिम्मेवारी पुरा हुन नसकेमा सो प्रति उत्तरदायी हुनुपर्ने व्यवस्था लगायत सो जिम्मेवारी पूरा गर्न गर्नुपर्ने क्रियाकलापको विवरण र कार्यप्रगति स्पष्ट हुने मापनीय सूचक समेत उल्लेख गरी स्पष्ट, वस्तुपरक र कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने।

२. सो कार्ययोजनाको १ (एक) प्रति लिखित जवाफ साथ संलग्न गरी यस अदालतमा समेत पेस गर्ने।

३. कार्ययोजना तयार भएको १० (दश) दिनभित्र सम्बन्धित सरोकारवाला निकायहरुसँग परामर्श वा कार्ययोजना कार्यान्वयनका लागि कुनै थप नीतिगत वा कार्यान्वयन तहको प्रबन्ध गर्नुपर्ने भए सो समेतका तयारीको कार्य सम्पन्न गरी सोको भोलिपल्ट अर्थात यो आदेश प्राप्त भएको मितिले २१ (एक्काइस) औं दिनबाट प्लास्टिक झोला (४० माइक्रोनभन्दा पातलो) को उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पुर्ण प्रतिबन्ध लगाउने सम्बन्धी आ.व.२०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. १६० को उल्लिखित प्रावधान देशभर लागू गर्ने।

४. कार्ययोजना र सोको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा जनचेतना र जागृतिका लागि आवश्यक प्रचार प्रसार गर्ने।

५. उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारका मुख्यसचिवको संयोजनमा विपक्षी मन्त्रालयहरुका सचिवहरु समेत रहने गरी कार्ययोजना कार्यान्वयन अनुगमनको संयन्त्र तयार गरी उक्त संयन्त्रले कार्ययोजना बमोजिम लगाइएको प्रतिबन्ध प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने।

६. उल्लिखित संयन्त्रले कार्ययोजना कार्यान्वयनको प्रगति विवरण सहितको प्रतिवेदन प्रत्येक २ (दुई) महिनामा यस अदालतमा पेस गर्ने र यस अदालतको मुद्दा महाशाखाले उक्त प्रतिवेदनमा आवश्यक निकासाको लागि इजलाससमक्ष पेस गर्ने

व्यवस्था मिलाउने भन्ने व्यहोराको **यस अदालतको मिति २०७८।०४।२८ को आदेश।**

३. नेपाल सरकारको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. १६० द्वारा ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, प्रयोग, बिक्री वितरण तथा आयातमा रोक लगाउने व्यवस्था भएअनुसार यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयको कार्यान्वयनप्रति मन्त्रालय पूर्णतः प्रतिबद्ध रहेको छ। नीति, कार्यक्रम तथा बजेटका प्रावधानहरु सबै कार्यान्वयन हुने नै हुँदा यस सम्बन्धमा न्यायिक निकायबाट थप आदेशको आवश्यक छैन। त्यसैले परमादेश माग गरी दायर रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको **नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।**

४. स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको कार्यान्वयनका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ लगायतका कानुनी व्यवस्था प्रचलनमा रहेको र ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरप्रति मन्त्रालय सचेत रहेको छ। निवेदकले मन्त्रालयको कुनै निर्णय वा कार्यबाट आफ्नो हक प्रभावित भएको तथ्य देखाउन नसकेको हुँदा मन्त्रालयलाई विपक्षी बनाउन नमिल्ने र मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नरहेकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ।**

५. नेपाल सरकारको प्रतिबन्ध कार्यान्वयनका लागि वातावरण संरक्षण ऐन, २०७६ को दफा १५(६) ले दिएको अधिकार प्रयोग गरी ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकमा पूर्ण रोक लगाउने तथा वैकल्पिक झोला प्रयोग सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने मिति २०७८।०५।१६ मा निर्णय भई सोही मितिमा कानून, न्याय तथा संसदीय मन्त्रालयमा पठाइसकिएको र उक्त प्रक्रिया जारी रहेको छ। साथै, अदालतको आदेश कार्यान्वयनका लागि प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ को मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमार्फत समन्वयमा प्रक्रिया अघि बढाइएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको नेपाल

सरकार, वन तथा वातावरण मन्त्रालय र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको तर्फबाट पेस भएको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

६. पन्ध्रौं योजना (आ.व २०७६।७७-२०८०।८१) को बुँदा नं. १०.९ वातावरण सम्बन्धि योजनाको कार्यनीतिमा तोकिएको मापदण्ड बाहेक प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोगको नीति अवलम्बन गर्ने नीति लिएको, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहोरमैला व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहमा निहित भई स्रोतमै पृथकीकरण, अनुगमन तथा आवश्यक प्राविधिक सहयोगको व्यवस्था सहित सोसम्बन्धी कार्यान्वयन भइरहेको छ। काठमाडौं उपत्यकाको फोहोरमैलाको विसर्जनका लागि वि.सं. २०६२ मा सुरू गरिएको सिसडोल ल्याण्डफिल साईटलाई चार पटक सम्म विस्तार गरी फोहोर विसर्जनको कार्य भई रहेको, नियमनकारी निकायहरुबाट सडक, फुटपाथ र सार्वजनिक स्थानहरुको फोहोर व्यवस्थापनको अनुगमन र नियमन भएरहेको, सबै उद्योगहरूलाई जानकारी समेत गराइएको, वातावरण व्यवस्थापनमा नगरवासीहरूलाई फोहोर व्यवस्थापन सम्बन्धी सचेतनाका लागि मिडिया र माईकिङ्ग मार्फत बस्तीवस्तीमा व्यापक प्रचार प्रसारका कार्यहरु भैरहेको, गाउँपालिका तथा नगरपालिकाको कार्य क्षेत्रभित्र पर्ने फोहोरमैला व्यवस्थापनको काम कारवाही भइरहेको र मातहतका निकायहरुलाई परिचालन गरिँदै आएको छ। त्यस्तै, नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१।१२।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम काठमाडौं उपत्यकाभित्र २०७२।०१।०१ देखि २०×३५ इन्च आकार र ४० माइक्रोनसम्म मोटाइका प्लाष्टिक झोलाको आयात, भण्डारण, बिक्री, वितरण तथा प्रयोगमा प्रतिबन्ध लगाइएको छ। साथै, वन तथा वातावरण मन्त्रालयको मिति २०७५।०८।०३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(३) बमोजिम उद्योगहरूलाई खुला रूपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको हुँदा प्लाष्टिकजन्य वस्तु उत्पादन गर्ने उद्योगहरू समेत उक्त व्यवस्थाको पालना गर्न बाध्य छन्। यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि चालु आर्थिक वर्षको बजेटमार्फत समेत व्यवस्था गरिएको र सम्बन्धित निकायहरुबाट नियमित रूपमा कार्यान्वयन तथा अनुगमन भइरहेको अवस्थामा पुनः कार्यान्वयनका लागि आदेश जारी गरिनुपर्ने अवस्था छैन। वातावरण संरक्षण विभाग

तथा उद्योग विभागबाट नियमित रूपमा सम्बन्धित कार्य भइरहेको हुँदा प्रत्येक दुई-दुई महिनामा प्रतिवेदन पेस गर्ने आदेशसमेत आवश्यक नभएकोले वातावरण संरक्षणप्रति प्रतिबद्ध रही नीतिगत, कानुनी तथा नियामकीय कार्यहरू गरिरहेको अवस्थामा प्रस्तुत रिट निवेदन औचित्यहीन भई खारेजभागी छ भन्ने समेत व्यहोराको **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।**

७. मिति २०७८।४।१८ को पत्र मार्फत आर्थिक वर्ष २०७८।७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. १६० कार्यान्वयन गर्ने सम्बन्धमा सबै जिल्ला समन्वय समितिको कार्यालय तथा सबै स्थानीय तहको कार्यालयमा पत्राचार गरी सकेको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको **नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ।**

८. यसमा यिनै निवेदक र विपक्षी भएको ०७८-MS-००१३ को अदालतको अवहेलना मुद्दा प्रस्तुत रिट निवेदनसँग साथै पेसी चढाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७९।१०।१६ को आदेशानुसार उक्त मिसिल प्रस्तुत मुद्दा साथै रहेको।

९. नेपाल सरकारले ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री-वितरण तथा प्रयोगमा पूर्ण रोक लगाई सोको प्रभावकारी कार्यान्वयनका लागि "प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८" मन्त्रिपरिषदबाट स्वीकृत गरी सम्बन्धित मन्त्रालय तथा निकायहरुमा कार्यान्वयनार्थ पठाइएको र सम्पर्क व्यक्ति (Focal Person) समेत तोकिएको र सोही अनुरूप वातावरण विभागबाट काठमाडौं उपत्यकाका जम्मा २३ वटा प्लाष्टिक झोला उत्पादक उद्योग अनुगमन गरिएकोमा ४ वटाले मात्र मापदण्ड पालना गरेको र बाँकी १९ वटा उद्योगले मापदण्ड पालना नगरेको पाइएकोमा ती उद्योगहरुबाट कुल २१०.०१ किलोग्राम प्लाष्टिक झोला साँकेतिक रुपमा जफत गरी मापदण्ड पालनाका लागि सचेत गराइएको तथा बालाजु औद्योगिक क्षेत्रका थप ६ वटा उद्योगको समेत अनुगमन निरीक्षण गरिएको साथै वातावरण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र गुणस्तर तथा नापतौल विभागको संयुक्त बजार अनुगमनबाट कालिमाटी, प्रयागपोखरी र लगनखेल क्षेत्रका १० वटा प्लाष्टिक झोला बिक्री पसलहरुबाट कुल २२.२८ किलोग्राम प्लाष्टिक झोला जफत गरी नबेच्न सचेत गराइएको र सचेतनामूलक प्रचार प्रसार समेत गरिएको व्यहोरा उल्लिखित भएको साथै

आयातमा रोक लगाउन विश्व व्यापार संगठनसमक्ष पत्राचार प्रक्रिया अगाडि बढाइएको भनि उल्लिखित यस अदालतको मिति २०७८।०४।२८ मा भएको आदेशको प्रकरण ६ मा उल्लेख भए बमोजिमको प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ कार्यान्वयन सम्बन्धमा **बन तथा वातावरण मन्त्रालयको तर्फबाट महान्यायाधिवक्ता कार्यालयद्वारा मिति २०७९।१०।१७ मा प्रस्तुत भएको प्रगति विवरण।**

१०. प्रस्तुत रिट निवेदनको निवेदक तथा प्रत्यर्थीमा हामी निवेदकहरु नभएपनि यस मुद्दाको परिणाम हामी निवेदकहरुमाथि नै लागु हुने भई हामी निवेदकहरुलाई अपुरणीय क्षति पुग्न गई उद्योग व्यवसाय नै धरासाई हुन जाने विद्यमानता रहेको हुँदा हामी निवेदकसमेतलाई प्रस्तुत मुद्दामा सामेल गराई प्रतिरक्षा गर्ने मौका प्रदान गरीपाउँ भन्ने समेत व्यहोराको सवनम प्लाष्टिक उद्योगसमेतको तर्फबाट दायर भएको **सामेल गराई पाउँ निवेदन।**

११. प्रस्तुत रिट निवेदनकै विषयवस्तुसँग सम्बन्धित रहेको निवेदक रामकृष्ण ढुंगेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं समेत भएको ०७९-WO-०१६८ को उत्प्रेषण समेतको रिट निवेदन यस अदालतमा विचाराधिन रहेको हुँदा हामी निवेदकलाई समेत प्रस्तुत रिट निवेदनमा सामेल गराई प्रतिरक्षा गर्ने मौका प्रदान गरी पाउँ भनी निवेदक रामकृष्ण ढुंगेल समेतले इजलास समक्ष निवेदन पेस गरेको देखिँदा उक्त ०७९-WO-०१६८ को उत्प्रेषण समेतको रिट निवेदन अवलोकनार्थ साथै राखी लगाउको ०७८-MS-००४३ को निवेदन समेत साथै राखी नियमानुसार पेस गर्नु भन्ने बेहोराको **यस अदालतको मिति २०७९।११।१५ को आदेश।**

१२. मिति २०८०।०३।१८ मा मुख्य सचिवज्यूको संयोजकत्वमा कार्ययोजना कार्यान्वयन केन्द्रीय अनुगमन समितिको दोस्रो बैठक बसी सोको कार्यान्वयनार्थ वातावरण विभागबाट सम्बन्धित निकायहरुमा पत्राचार भई उद्योग तथा बजार अनुगमन टोली गठन गरी अनुगमन कार्य भइरहेको, starch based biodegradable झोलालाई ४० माइक्रोनको प्रतिबन्धबाट अपवाद राख्ने सम्बन्धमा राजपत्र प्रकाशनार्थ आवश्यक परामर्श प्रक्रिया अगाडि बढाइएको, ४० माइक्रोन भन्दा बाक्लो झोला उत्पादन गर्न स्तर वृद्धि गर्ने तथा वैकल्पिक (biodegradable) झोला उत्पादन गर्ने उद्योगीलाई अनुदान दिने कार्यविधि तर्जुमाका लागि मस्यौदा समिति गठन गरी अर्थ मन्त्रालयसमक्ष बजेट माग गर्ने कार्य

भइरहेको तथा वैकल्पिक झोलामा मू.अ.कर।अन्तशुल्क छुट दिने सम्बन्धमा समेत समन्वय भइरहेको,साथै विश्व वातावरण दिवस, २०८० को अवसरमा अल्लोको झोला वितरण गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको, मिति २०८०।०६।१२ मा बालाजु औद्योगिक क्षेत्रका ४ वटा उद्योग अनुगमन गरिएकोमा एटलास पेटप्लस इन्डष्ट्रिजबाट मात्र १० के.जी. मापदण्ड विपरीतको प्लाष्टिक जफत गरिएको र बाँकीलाई सामान्य निर्देशन दिइएको, तथा मिति २०८०।०६।०८ देखि १० सम्म र मिति २०८०।०७।१२ देखि १३ सम्म गरी दुई चरणमा असन, सातदोबाटो, सोह्रखुट्टे, टेवहाल लगायतका बजार क्षेत्रका जम्मा १७ वटा पसल।संस्था अनुगमन गरिएकोमा अधिकांशलाई सामान्य निर्देशन।स्वः घोषणा गराई एस.के. सप्लायर्स (३५ के.जी.), काठमाडौं प्लाष्टिक कर्नर (२३.२७५ के.जी.) र श्री प्लाष्टिक एण्ड एसेसरिज इन्टरप्राइजेज (१० के.जी.) बाट मापदण्ड विपरीतको प्लाष्टिक झोला जफत गरी वा विभागमा उपस्थित गराई कारवाही अगाडि बढाइएको भनि उल्लेख गरिएको यस अदालतको मिति २०७८।०४।२८ मा भएको आदेशको प्रकरण ६ मा उल्लेख भए बमोजिमको प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ कार्यान्वयन सम्बन्धमा **वातावरण विभागद्वारा मिति २०८०।०९।१३ मा पेस भएको प्रगति विवरण।**

१३. मिति २०८२।०८।०७ मा यस अदालतबाट देहाय बमोजिमका कार्यहरु सम्पन्न गरी इजलास समक्ष पेस गर्नू भन्ने ब्यहोराको जारी भएको आदेशः

क. यस अदालतबाट मिति २०७८।१।२८ मा जारी भएको अन्तरिम आदेशको कार्यान्वयनको अवस्था, नेपाल सरकारबाट जारी भएको प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ को कार्यान्वयनको अवस्था, आ.व. ०८२।८३ को बजेट वक्तव्यको बुँदा नं. ११८ मा उल्लेखित प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्थाको कार्यान्वयनको अवस्था, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकका झोला उत्पादन गर्ने उद्योगहरुको पहिचान, त्यस्ता उद्योगले उत्पादन गरे नगरेको अवस्था, त्यस्ता कम गुणस्तरका

प्लाष्टिकको झोलाको आयातको अवस्था र आमरुपमा प्रयोग भए नभएको एवं यस्ता प्लाष्टिकजन्य झोलाको प्रयोग र विसर्जनको सम्बन्धमा जनसचेतनाका लागि भए गरेका विविध कार्यहरु समेत सम्बोधन हुने प्रतिवेदन तयार गरी आदेश भएको मितिले २ महिनाभित्र आफैं उपस्थित हुन **वन तथा वातावरण मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवलाई जानकारी पठाई तोकिएको अवधिभित्र प्रतिवेदन लिनू।**

ख. पेशीको दिन बहसको क्रममा महान्यायाधिवक्ता स्वयमको उपस्थिति हुने आवश्यक व्यवस्था गर्नू।

ग. प्रस्तुत निवेदनलाई हेर्दा हेर्दैमा राखि सुनुवाईको २०८२।१०।११ को पेशी तोकी नियमानुसार पेस गर्नू।

१४. प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ कार्यान्वयनका सन्दर्भमा उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विभिन्न कार्यहरू सम्पन्न भएको देखिन्छ। उद्योग विभागले प्लाष्टिक झोला उत्पादन गर्ने अधिकांश उद्योग प्रदेशस्तरीय घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने भएकाले विभागमा त्यस्ता उद्योगको छुट्टै अभिलेख तथा database नरहेको, ४० माइक्रोनभन्दा बढी बाक्लो झोला उत्पादनका लागि स्तरवृद्धि गर्ने उद्योगलाई अनुदान दिने कार्यविधि हालसम्म स्वीकृत नभएको तथा उद्योग दर्ताका क्रममा कानुनी शर्त समावेश गर्न सकिने छ भने वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट मिति २०७७।०९।०५ देखि २०८२।०९।२५ सम्म ४९ वटा प्लाष्टिक उद्योग/कम्पनी/फर्ममा अनुगमन गरिएको तथा २०८२ मंसिर १ गतेदेखि ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा रोक लगाएपछि देशका विभिन्न स्थानस्थित ८४ वटा उद्योग/कम्पनी/फर्ममा अनुगमन गरी ७ वटा उद्योग/फर्मलाई रु. ९,०५,०००।- जरिवाना गरिएको र त्यस्ता झोलाको बिक्री वितरण नगर्न निर्देशन दिइएको उल्लेख छ। साथै, वातावरणमैत्री विकल्पको प्रवर्द्धन, प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन, उद्योग दर्ता प्रमाणपत्रमा ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक उत्पादन गर्न नपाइने शर्त समावेश गर्ने, नियमित उद्योग तथा बजार अनुगमन, सरोकारवाला निकायबीच समन्वय तथा बैठक, सम्बन्धित

निकायलाई निर्देशन र प्रदेश मन्त्रालयहरूलाई पत्राचारलगायतका कार्यहरू भएको तथा आगामी दिनमा समेत प्राप्त गुनासा एवं उजुरीका आधारमा बजार अनुगमनलाई निरन्तरता दिने भनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रस्तुत प्रगति प्रतिवेदन।

१५. प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ कार्यान्वयनका क्रममा औद्योगिक कच्चा पदार्थ वा अर्धतयारी कच्चा पदार्थका रूपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थबाहेक ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक झोला तथा अन्य प्लाष्टिकको उत्पादन, आयात, बिक्री—वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने सूचना नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेको, वातावरण विभागबाट मिति २०८०।०६।१२ मा बालाजु औद्योगिक क्षेत्रका ४ वटा प्लाष्टिक उद्योग, मिति २०८०।१२।१३ देखि २०८०।१२।१६ सम्म ललितपुर र भक्तपुर जिल्लास्थित प्लाष्टिक उद्योग तथा मिति २०८२।०९।२३ र २०८२।०९।२४ मा वातावरण विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संयुक्त टोलीबाट बालाजु औद्योगिक क्षेत्रका ५ वटा प्लाष्टिक उद्योगको अनुगमन गरी २ वटा उद्योगउपर आवश्यक कारबाही गरिएको, ४० माइक्रोनभन्दा बढी बाक्लो प्लाष्टिक झोला उत्पादन गर्ने उद्योगलाई अनुदान उपलब्ध गराउने तथा वैकल्पिक झोला प्रवर्द्धनसम्बन्धी कार्यविधिको मस्यौदा समितिको गठन भई मस्यौदा तयार भएको, विश्व व्यापार संगठनलाई आवश्यक पत्राचार गरिएको, कार्ययोजना मन्त्रालयको वेबसाइटमा प्रकाशन गरी सम्बन्धित निकायहरूलाई कार्यान्वयनका लागि पठाइएको, संयुक्त बजार अनुगमन, जनचेतनामूलक कार्यक्रम, पोडकास्ट, बहस, अन्तरसंवाद तथा नेपाल टेलिभिजनमार्फत प्रसारणलगायतका कार्यक्रम सञ्चालन गरिएको, प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिकाको मस्यौदा स्वीकृतिका लागि प्रक्रियामा रहेको, कार्ययोजना कार्यान्वयनका लागि केन्द्रीय तथा प्रदेशस्तरीय अनुगमन समिति, उद्योग तथा बजार अनुगमन टोली तथा सरोकारवाला निकायका सम्पर्क व्यक्ति (focal person) हरूको बैठक सञ्चालन गरिएको, कर्णाली प्रदेशसहित विभिन्न प्रदेश तथा स्थानीय तहबाट उद्योग अनुगमन, वैकल्पिक झोला प्रवर्द्धन तथा प्लाष्टिक झोला निषेधसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको, National Plastic Inventory सम्बन्धी कार्य सम्पन्न गरी सोको प्रतिवेदन वातावरण विभागमा पेस गरिएको, नेपाल प्लाष्टिक उत्पादक सङ्घबाट ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको

उत्पादन, बिक्री, वितरण तथा प्रयोग निषेधसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको तथा विश्व वातावरण दिवस २०२५ को अवसरमा प्लाष्टिक प्रदूषण न्यूनीकरणसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उल्लेख छ भने उक्त प्रगति विवरणमा प्लाष्टिक झोलाको प्रयोगमा आंशिक कमी आएको, उद्योग तथा व्यवसायमा ४० माइक्रोनसम्बन्धी मापदण्डप्रति चेतना अभिवृद्धि भएको तथा सम्बन्धित निकायहरूबीचको समन्वय सुदृढ भएको उपलब्धिका रूपमा उल्लेख गरिएको छ भने उद्योगहरूको व्यवस्थित डाटाबेसको अभाव, उद्योग तथा बजार अनुगमनका लागि पर्याप्त जनशक्ति तथा स्रोतको कमी, बैकल्पिक झोलाको अपर्याप्त उपलब्धता, स्थानीय तहको अनुगमन क्षमतामा सीमितता तथा उद्योगी–व्यवसायीबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नुजस्ता चुनौतीहरू औंल्याई नियमित संयुक्त अनुगमन, उद्योग दर्ता तथा नवीकरणमा प्लाष्टिकसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन, बैकल्पिक झोलाको प्रवर्द्धन तथा स्थानीय तहसँग थप समन्वयलाई आगामी कार्ययोजनाका रूपमा प्रस्तुत गरिएको भन्ने व्यहोराको **वन तथा वातावरण मन्त्रालयद्वारा प्रस्तुत प्रगति प्रतिवेदन।**

१६. मिति २०८२।१०।११ मा यस अदालतबाट देहायका कार्यहरु सम्पन्न गरी नियमानुसार पेस गर्नू भन्ने वेहोराको जारी भएको आदेशः

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तीनै तह संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय, अन्तरक्रिया र छलफल गरी ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्थाको कार्यान्वयनको अवस्था, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला उत्पादन गर्ने उद्योगहरुको पहिचान, त्यस्ता उद्योगले उत्पादन गरे नगरेको अवस्था, त्यस्ता कम गुणस्तरका प्लाष्टिकको झोलाको आयातको अवस्था र आमरुपमा प्रयोग भए नभएको एवं यस्ता प्लाष्टिकजन्य झोलाको प्रयोग र विसर्जनको सम्बन्धमा जनसचेतनाका लागि भए गरेका विविध कार्यहरुसमेत सम्बोधन हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू ।

ख. यसै गरी प्लाष्टिकजन्य उद्योग र यससँग सम्बन्धित उद्यमी व्यवसायीहरुको संघबाट ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको आयातको अवस्था के कस्तो

रहेको छ? ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादनलाई बन्द गरी ४० माइक्रोन वा सो भन्दा बाक्लो प्लाष्टिक उत्पादन, बिक्री वितरण र प्रयोगलाई जोड दिन प्लाष्टिक उद्योग र प्रविधिमा के कस्तो परिवर्तन अपरिहार्य रहेको छ? सो को विकासकोलागि नेपाल सरकारबाट के कस्तो कार्यक्रमगत व्यवस्थाहरु आवश्यक रहेको छ? कुन कुन पक्षको सहकार्य र समन्वय आवश्यक रहेको छ? सो सम्बन्धमा विज्ञ टोली गठन गरी प्लाष्टिकजन्य उद्योग संघबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू ।

ग. BASEL Convention on Control of Transboundary Movements of Hazardous Wastes and their Disposal, 1989 को हाम्रो देशमा कार्यान्वयनको अवस्था के हो, कुन हदसम्म कार्यान्वयन भएको छ? सो सम्बन्धमा वन तथा वातावरण मन्त्रालयबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू ।

घ. यसै अदालतमा विचाराधिन रहेको सबनम प्लाष्टिक उद्योगका प्रोपराइटर रामकृष्ण ढुंगेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत भएको मुद्दा नं. ०७९-WO-०१६८ को उत्प्रेषण रिट निवेदन समेत साथै राखी पेस गर्नू।

ङ. पेशीको दिन वन तथा वातावरण मन्त्रालय तथा उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रस्तुत विषय हेर्ने कम्तीमा एक एक जना जिम्मेवार राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो दर्जाको अधिकारीलाई उपस्थिति हुन आवश्यक व्यवस्था गर्नु भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनू।

च. प्रस्तुत निवेदनलाई हेर्दा हेर्दैमा राखी सुनुवाईको निम्ति मिति २०८२।१२।२९ को पेशी तारेख तोक्नू।

१७. खुला सीमाका कारण हुने अवैध आयात, प्रभावकारी बजार अनुगमन तथा वैज्ञानिक उपकरणको अभाव, दक्ष प्राविधिक जनशक्तिको कमी, उद्योगहरूको स्तरोन्नयनका लागि आवश्यक पुँजीगत अनुदान तथा कार्यविधि कार्यान्वयनमा भएको ढिलाइ, ४० माइक्रोनको मापदण्डको वैज्ञानिक तथा व्यावहारिक पक्ष, प्लाष्टिक झोलामा अनिवार्य छपाइ गर्दा पुनर्चक्रण, उत्पादन लागत, वातावरण तथा जनस्वास्थ्यमा पर्न सक्ने प्रभाव, उद्योगी तथा व्यवसायीहरूले भोग्नुपरेका प्राविधिक र आर्थिक कठिनाइ तथा बायो-प्लाष्टिकलगायत

वातावरणमैत्री विकल्पहरूको सम्भावनासम्बन्धी विषयहरूमा केन्द्रित; प्लास्टिक प्रदूषणको दीर्घकालीन न्यूनीकरणका लागि प्लास्टिकको मोटाइलाई मात्र नियमनको आधार नबनाई पुनर्चक्रणयोग्यता (Recyclability), चक्रिय अर्थतन्त्र (Circular Economy) तथा विस्तारित उत्पादक उत्तरदायित्व (Extended Producer Responsibility) जस्ता अवधारणामा आधारित नीतिगत सुधार आवश्यक रहेको, बायो—प्लास्टिक तथा अन्य वातावरणमैत्री सामग्रीको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्न प्रविधि हस्तान्तरण, अनुसन्धान तथा विकास, पुँजीगत अनुदान, कर तथा भन्सार सहुलियतको प्रभावकारी व्यवस्था गर्नुपर्ने, स्थानीय तहको सहभागितामा वैज्ञानिक तथा सहजीकरणमुखी बजार अनुगमन प्रणाली विकास गर्नुपर्ने, स्रोतमै फोहोर वर्गीकरण तथा ३ R (Reduce, Reuse and Recycle) सिद्धान्तको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने तथा सरकार, उद्योगी, प्राविधिक विज्ञ र अन्य सरोकारवाला निकायबीच समन्वयात्मक ढङ्गबाट कार्य गरी वातावरण संरक्षण र औद्योगिक रूपान्तरणलाई सन्तुलित रूपमा अगाडि बढाउनुपर्ने सुझाव तथा निष्कर्ष सहित **यस अदालतको २०८२।१०।११ को आदेश बमोजिम विज्ञ टोली गठन गरी नेपाल प्लास्टिक उत्पादक संघद्वारा प्रस्तुत गरिएको अध्ययन प्रतिवेदन।**

१८. नेपालले बासेल महासन्धिलाई सन् १९९६ अक्टोबर १५ मा अनुमोदन गरी सन् १९९७ जनवरी १३ देखि कार्यान्वयनमा ल्याएको, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मार्फत जोखिमपूर्ण पदार्थको परिभाषा, आयात, निर्यात, ओसारपसार, भण्डारण, प्रशोधन, बिक्री—वितरण तथा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गरिएको, ४० माइक्रोनभन्दा पातलो प्लास्टिक झोला, प्लास्टिकजन्य फूलगुच्छा तथा प्रचलित कानूनले अनुमति नदिएका प्रयोग भइसकेका (second-hand) वस्तुको पैठारीमा प्रतिबन्ध लगाइएको, महासन्धिअनुसार नेपालले राष्ट्रिय प्रतिवेदन सचिवालयसमक्ष नियमित रूपमा पेस गर्नु पर्नेमा सन् २०२२ को राष्ट्रिय प्रतिवेदन बुझाइसकेको, साथै महासन्धिको सचिवालयको सहयोगमा नेपालको Plastic Waste Inventory तयार गरिएको उल्लेख गरिएको छ। प्रतिवेदनमा बासेल महासन्धिको कार्यान्वयनमा वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग तथा अन्य सम्बन्धित निकायहरू सक्रिय रहेको, विद्यमान कानुनी तथा संस्थागत व्यवस्थालाई समयानुकूल परिमार्जन, प्रभावकारी कार्यान्वयन तथा संस्थागत क्षमता सुदृढीकरणमार्फत महासन्धिको प्रभावकारी

कार्यान्वयनलाई थप सुदृढ बनाउन आवश्यक रहेको निष्कर्ष सहित प्रस्तुत गरिएको **नेपालको बासेल महासन्धि (Basel Convention on the Control of Transboundary Movements of Hazardous Wastes and their Disposal, 1989) को कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन।**

१९. यसमा प्रस्तुत निवेदन तथा लिखित जवाफको व्यहोराहरुलाई संक्षिप्त रुपमा समेटी निवेदन मागदावी तथा लिखित जवाफका जिकिरहरु बुँदागत रुपमा खुल्ने गरी निवेदक तथा विपक्षीहरुका कानून व्यवसायीबाट १५ दिन भित्र निम्न बमोजिमका प्रश्नहरु सम्बोधन गरी बहसनोट पेस गर्न लगाई मिति २०८३।०२।२१ को पेशी तारेख तोक्नू भन्ने बेहोराको **यस अदालतको मिति २०८३।०१।२४ को आदेश:**

वातावरण कानून समाज नेपालको तर्फबाट पेस हुने बहसनोटमा

क. प्लाष्टिक झोला उत्पादन, आयात, वितरण र प्रयोग सम्बन्धमा सजाय सहितका प्रचलित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरु के के रहेका छन्? खुलाउनुहोला।

ख. प्लाष्टिकजन्य झोला तथा सामग्रीहरुको प्रयोगबाट बातावरणमा हुने प्रदुषणलाई अन्य मुलुकमा कसूरजन्य कार्य मानेको छ, छैन? के कस्तो दण्ड, सजाय तथा जरिवानाको व्यवस्था रहेको छ? खुलाउनुहोला।

ग. प्लाष्टिक झोलाको Recycle, Reuse र Reduce गर्ने सम्बन्धमा नेपालको प्रचलित कानूनी व्यवस्थाहरु के के रहेका छन्? खुलाउनुहोला।

घ. नेपालमा Extended Producer Responsibility प्रणालीलाई विस्तार गर्न र कार्यान्वयनमा ल्याउन कुन कुन संयन्त्रलाई सक्रिय बनाई सो निकायहरुबाट के के काम गर्न आवश्यता रहेको छ ? खुलाउनुहोला।

ङ. ४० माइक्रोन भन्दा कमको प्लाष्टिकको झोलाको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्न संघ प्रदेश र स्थानीय तहबाट के कसो गर्न सकिन्छ? खुलाउनुहोला।

च. यस सम्बन्धमा उत्पादक देखि उपभोक्तासमेतले क्रमिक रुपमा गरिने र गर्न सकिने कार्यहरुको विवरणको आंकलन गरी उपयुक्त सुझावहरु समेत स्पष्ट रुपमा खुलाउनुहोला।

४४

नेपाल सरकारको तर्फबाट पेस हुने बहसनोटमा

छ. प्लाष्टिकको झोलामा ४० माइक्रोनको मानक के कसरी राखिएको हो? यसको औचित्य तथा वैज्ञानिक आधार के कसो हो? खुलाउनुहोला।

ज. ४० माइक्रोनको भन्दा कमको प्लाष्टिकको झोला बाहेक अन्य प्लाष्टिक जन्य सामग्रीको हकमा के कस्तो व्यवस्था रहेको छ? समान वा फरक कानूनी व्यवस्था रहेको छ? खुलाउनुहोला।

झ. BASEL Convention को प्रावधान बमोजिम जोखिमयुक्त फोहोरमैलाको स्थिति सम्बन्धमा महासन्धिको सचिवालयसमक्ष नेपालले प्रतिवेदन बुझाएको छ, छैन? बुझाएको भए प्रतिवेदनमा उल्लेख भएको विषयवस्तु समेत खुलाउनुहोला।

ञ. प्लाष्टिक झोला उत्पादन, आयात, वितरण र प्रयोग साथै प्लाष्टिक झोलाको Reuse, Recycle र Reduce गर्ने सम्बन्धमा भएका कानूनहरुको कार्यान्वयनको अवस्था के कस्तो रहेको छ ? नेपाल सरकारबाट के कस्तो निर्देशनहरु भएका छन्? खुलाउनुहोला।

ट. ४० माइक्रोन भन्दा कम मानक भएका प्लाष्टिक झोला र अन्य प्लाष्टिकजन्य सामाग्री उत्पादन सम्बन्धमा कार्यान्वयन र अनुगमन गर्ने केन्द्रिय, प्रदेश र स्थानीय तहमा भएका निकाय, संयन्त्रहरु के कस्ता रहेका छन् ? खुलाउनुहोला।

ठ. उद्योगको स्तर बृद्धिका निम्ति अनुदान प्रदान गर्ने कार्यविधि तयार भए नभएको सम्बन्धमा खुलाउनुहोला।

ड. माथि उल्लिखित विषयमा संघ, प्रदेश र स्थानीय तहबाट छुटाछुट्टै रुपमा बजेट बिनियोजन हुने गरेको छ, छैन? स्पष्ट रुपमा खुलाउनुहोला।

ढ. प्लाष्टिकको झोला बाहेकको चाउचाउ गुटखा बोतल जस्ता प्लाष्टिकका अन्य उत्पादनहरुको हकमा के कसो गर्ने गरिएको छ? खुलाउनुहोला।

सबनम प्लाष्टिक उद्योगसमेत तर्फबाट पेस हुने बहसनोटमा

ण. ४० माइक्रोन भन्दा बढीको प्लाष्टिक झोला उत्पादन, आयात, वितरण र प्रयोगलाई पूर्ण रुपमा कार्यान्वयन गर्न उद्योगको स्तर बृद्धिका लागि के कस्तो पूर्वाधार विकास आवश्यकता रहेको छ? नेपाल सरकारबाट के कस्तो सुविधाको आवश्यकता रहेको छ? खुलाउनुहोला।

त. ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोलालाई Reuse, Recycle र Reduce गर्ने सम्बन्धमा हालसम्म उद्योगहरुले कस्तो भूमिका निर्वाह गरेका छन् र उद्योगहरुको कस्तो भूमिका रहन सक्छ? खुलाउनुहोला।

२०. प्लाष्टिकजन्य प्रदूषण आज विश्वव्यापी वातावरणीय चुनौतीका रूपमा स्थापित भएको छ। यसलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय स्तरमा Stockholm Declaration, Rio Declaration, Basel Convention, Stockholm Convention, Convention on Biological Diversity, Paris Agreement लगायतका विभिन्न सन्धि तथा घोषणाहरूले राज्यहरूलाई वातावरण संरक्षण र प्रदूषण नियन्त्रणको दायित्व प्रदान गरेका छन्। नेपालमा संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्था कार्यान्वयन गर्न वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८० लागू गरिएका छन्, जसले प्लाष्टिकजन्य प्रदूषण नियन्त्रणका लागि आवश्यक कानुनी आधार प्रदान गरेका छन्। विश्वका धेरै मुलुकहरूले प्लाष्टिकजन्य झोला तथा एकपटक मात्र प्रयोग हुने प्लाष्टिक सामग्रीलाई वातावरणीय प्रदूषणको प्रमुख स्रोत मानी कडा कानुनी नियमन गरेका छन्। युरोपेली संघले Single-use Plastic Directive मार्फत निश्चित प्लाष्टिक सामग्रीमाथि प्रतिबन्ध लगाएको छ भने फ्रान्सले प्रशासनिक कारवाही तथा बजारबाट सामग्री हटाउने व्यवस्था गरेको छ। भारतले Plastic Waste Management Rules अन्तर्गत प्रतिबन्धित प्लाष्टिकको उत्पादन, बिक्री तथा प्रयोगलाई दण्डनीय बनाएको छ, जहाँ कैद तथा जरिवानाको व्यवस्था रहेको छ। त्यस्तै चीन, बंगलादेश, केन्या र रवाण्डा जस्ता मुलुकहरूले पनि प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री वा प्रयोगलाई कानुनी रूपमा निषेध गरी जरिवाना, कैद तथा सामग्री जफतसम्मका सजायको व्यवस्था गरेका छन्। यसरी अन्तर्राष्ट्रिय अभ्यासले प्लाष्टिक प्रदूषणलाई गम्भीर वातावरणीय अपराधका रूपमा स्वीकार गरेको देखिन्छ।

त्यस्तै, नेपालमा प्लाष्टिक व्यवस्थापनका लागि वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८० लागू छन्। निर्देशिकाले

प्लाष्टिक व्यवस्थापनमा 5R सिद्धान्त अर्थात् Reduce, Reuse, Recycle, Replace र Recover लाई अंगीकार गरेको छ। निर्देशिकाअनुसार ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री तथा प्रयोग निषेध गरिएको छ। साथै झोलाको न्यूनतम आकार, गुणस्तरीय कच्चा पदार्थको प्रयोग, पुनःचक्रण चिन्ह, उत्पादकको विवरण तथा अन्य प्राविधिक मापदण्डसमेत तोकिएका छन्। वातावरणमैत्री विकल्पको प्रयोगलाई प्रोत्साहन तथा उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार दिने व्यवस्थासमेत गरिएको छ।

Extended Producer Responsibility (EPR) प्रणालीअन्तर्गत उत्पादकलाई आफ्नो उत्पादनको सम्पूर्ण जीवनचक्रप्रति जिम्मेवार बनाइन्छ। निर्देशिकाअनुसार उत्पादकले आफूले उत्पादन गरेको प्लाष्टिक झोलाको कम्तीमा १० प्रतिशत बराबर फोहोर व्यवस्थापन गर्नुपर्ने, उत्पादन तथा फोहोर व्यवस्थापनसम्बन्धी वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने तथा उत्पादनको साइज, मोटाइ र ब्याच नम्बरको अभिलेख राख्नुपर्ने व्यवस्था छ। यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि वातावरण विभाग, कृषि, वन तथा वातावरण मन्त्रालय, संघीय, प्रदेश तथा स्थानीय अनुगमन समितिहरू, वातावरण निरीक्षक तथा स्थानीय तहबीच समन्वय आवश्यक रहेको छ।

संघीय सरकारले नीति निर्माण, मापदण्ड निर्धारण, राजपत्रमा सूचना प्रकाशन, अनुगमन तथा वातावरण निरीक्षक परिचालन गर्ने मुख्य भूमिका निर्वाह गर्न सक्छ। प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र मापदण्ड कार्यान्वयनको अनुगमन, प्रदेशस्तरीय समिति गठन तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनको समन्वय गर्न सक्छ। स्थानीय तहले फोहोर वर्गीकरण, पुनःप्रयोग तथा पुनःचक्रणको व्यवस्था, अनुगमन, जरिवाना, स्थानीय समिति गठन, Dump Site सञ्चालन तथा स्थानीय स्तरमा आवश्यक नियम निर्माण गरी प्रतिबन्धलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ।

प्लाष्टिक प्रदूषण नियन्त्रणका लागि सरकारले प्लाष्टिकको विकल्पका रूपमा कपडा, जुट र कागजका झोला उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन दिनुपर्छ। प्लाष्टिकजन्य अपराध र त्यसको कानुनी सजायबारे व्यापक जनचेतना फैलाउनुपर्ने, वातावरण विभाग तथा स्थानीय तहले आधुनिक प्रविधिबाट नियमित अनुगमन र निरीक्षण गर्नुपर्ने तथा घरदेखि नै फोहोर वर्गीकरण गरी पुनः चक्रण प्रणालीलाई प्रभावकारी

बनाउनु आवश्यक छ। समुदायको सक्रिय सहभागिता बढाई प्लाष्टिकमुक्त क्षेत्र घोषणा गर्ने, खुला स्थानमा प्लाष्टिक जलाउने कार्यमा कडा कारबाही गर्ने, प्लाष्टिक प्रयोग नगर्ने व्यवसायीलाई सम्मान तथा प्रोत्साहन गर्ने र प्लाष्टिक सङ्कलन केन्द्र (Recycle Hub) स्थापना गरी सङ्कलित प्लाष्टिक सडक निर्माणजस्ता कार्यमा प्रयोग गर्नुपर्छ। साथै, विस्तारित उत्पादक दायित्व (EPR) प्रभावकारी रूपमा लागू गरी लक्ष्य पूरा नगर्ने उद्योगलाई जरिवाना तथा लाइसेन्स निलम्बन गर्ने, Polluter Pays Principle अनुसार प्रदूषण गर्ने उत्पादकबाट नै व्यवस्थापन खर्च असुल गर्ने, स्थानीय तहलाई अन-द-स्पट जरिवाना गर्ने अधिकार प्रदान गर्ने तथा रिसाइकल वा वैकल्पिक सामग्री उत्पादन गर्ने उद्योगलाई कर छुट, ग्रीन क्रेडिट र सार्वजनिक खरिदमा प्राथमिकता दिने व्यवस्था गर्नुपर्छ भन्ने व्यहोराको **निवेदक वातावरण कानून समाज नेपालको तर्फबाट विद्वान अधिवक्ताहरू दिलराज खनाल, रुपा बस्नेत, विष्णु कुमार थोकर, राजु फुयाल, षटकोण श्रेष्ठ, आरजु कार्की, हार्दिक सुवेदी, र स्मृका बस्नेतले पेस गर्नुभएको संयुक्त बहसनोट।**

२१. प्लाष्टिकजन्य प्रदूषण नियन्त्रणका लागि नेपालले अन्तर्राष्ट्रिय अभ्यासबाट सिक्दै प्रभावकारी कानुनी तथा संस्थागत व्यवस्था अपनाउन आवश्यक देखिन्छ। संयुक्त राज्य अमेरिका, क्यानडा, बेलायत, भारत, बंगलादेश, श्रीलंका र भुटानजस्ता मुलुकहरूले Single-use Plastic मा प्रतिबन्ध, Extended Producer Responsibility (EPR), Plastic Fee, Plastic Packaging Tax, Take-back System, Polluter Pays Principle तथा Circular Economy जस्ता अवधारणालाई प्रभावकारी रूपमा लागू गरी उत्पादकलाई नै प्लाष्टिक फोहोरको संकलन, पुन:प्रयोग (Reuse), पुनर्चक्रण (Recycle) र व्यवस्थापनको कानुनी जिम्मेवारी दिएका छन्। नेपालमा भने वातावरण संरक्षण ऐन, २०७६, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा मुलुकी अपराध संहिता, २०७४ बीच कार्यान्वयनमा कानुनी असंगति रहेको छ।[1] मुलुकी अपराध संहिताले वातावरणीय कसुरलाई फौजदारी अपराध मानेर कैद सजायको व्यवस्था गरे पनि अन्य ऐनले केवल जरिवानामा सीमित रहेकाले प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। त्यसैले कानुनहरूबीच एकरूपता कायम गरी

---

[1] अधिवक्ता सुलोचना भट्टले पेस गर्नुभएको बहसनोटको बुँदा नं. २(ग)।

प्लाष्टिकजन्य फोहोर व्यवस्थापन, EPR प्रणाली, Circular Economy तथा Material Recovery Facility (MRF) सम्बन्धी स्पष्ट व्यवस्था समावेश गर्नु आवश्यक छ।

प्लाष्टिक प्रदूषण नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय अपरिहार्य छ। संविधानले वातावरण संरक्षण तथा जैविक विविधता संरक्षणमा तीनै तहका सरकारलाई अधिकार दिएको हुँदा ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोगमा कडाइका साथ प्रतिबन्ध लगाउन, नियमित अनुगमन गर्न तथा उल्लंघन गर्ने व्यक्तिलाई तत्काल जरिवाना वा कानुनबमोजिम सजाय गर्ने व्यवस्था लागू गर्नुपर्छ। उत्पादक र आयातकर्तालाई अनिवार्य दर्ता, उत्पादनको अभिलेख, वार्षिक प्रतिवेदन तथा निश्चित प्रतिशत प्लाष्टिक फोहोर संकलन (Take-back Target) को जिम्मेवारी तोक्नुपर्छ भने विक्रेताले प्रतिबन्धित प्लाष्टिक बिक्री नगर्ने र उपभोक्ताले 5R (Refuse, Reduce, Reuse, Recycle, Replace) सिद्धान्त अपनाई कपडा, जुट वा अन्य वातावरणमैत्री झोला प्रयोग गर्नुपर्ने व्यवस्था गर्नुपर्छ। साथै वैकल्पिक झोला उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन, व्यापक जनचेतना, Plastic Fee, Green Business Certification, Plastic-free Zone घोषणा, Recycle Hub स्थापना तथा प्लाष्टिकबाट सडक निर्माणजस्ता नवीन उपाय अवलम्बन गरी Polluter Pays Principle र Circular Economy को प्रभावकारी कार्यान्वयन गर्न सके नेपालमा **निवेदक प्लाष्टिकजन्य प्रदूषण दीर्घकालीन रूपमा नियन्त्रण गर्न सकिने देखिन्छ भन्ने व्यहोराको वातावरण कानून समाज नेपालको तर्फबाट अधिवक्ता सुलोचना घितालले छुट्टै पेस गर्नुभएको बहसनोट ।**

२२. नेपाल सरकारले प्लाष्टिकजन्य प्रदूषण नियन्त्रण तथा ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोग नियन्त्रण गर्न संविधानको धारा ३०, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ तथा प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ लगायतका कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइसकेको छ। यसका साथै नेपालले बासेल महासन्धि कार्यान्वयन गर्दै जोखिमपूर्ण फोहोरको व्यवस्थापन तथा उत्पादकको जिम्मेवारीसम्बन्धी व्यवस्था लागू गरेको, ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री, वितरण र

प्रयोगमा नेपाल राजपत्रमार्फत प्रतिबन्ध लगाइएको, मन्त्रिपरिषद्बाट कार्ययोजना स्वीकृत गरी वातावरण विभागमार्फत नियमन तथा अनुगमन भइरहेको, उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, विशेष आर्थिक क्षेत्र प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड तथा प्रदेशअन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालयमार्फत उद्योग तथा बजारको नियमित अनुगमन भइरहेको छ। त्यस्तै, सर्वोच्च अदालतबाट यसअघि भएका आदेशअनुसार वैज्ञानिक अध्ययन सम्पन्न गरी प्रतिबन्ध लागु गरिएको, प्लाष्टिक उत्पादक संघद्वारा दायर गरिएको रिटसमेत खारेज भइसकेको तथा *भरतकुमार बस्नेत विरुद्ध वन तथा वातावरण मन्त्रालयसमेत* भएको मुद्दामा जारी भएको परमादेश कार्यान्वयनको क्रममा रहेको छ। नयाँ प्रविधिको मेसिन जडान तथा संचालनको लागि छुट्टै कार्यविधि नभएता पनि हाल प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ अन्तर्गत मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भइरहेको छ। यद्यपि ४० माइक्रोनभन्दा कम प्लाष्टिकजन्य सामग्री व्यवस्थापनका लागि छुट्टै बजेट विनियोजन नगरिएपनि वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा तिनको अनुगमनका लागि बजेट व्यवस्था गरिएको र Nepal Clean Air and Prosperity Project (NCAP) अन्तर्गत विश्व बैंकको सहयोगमा उद्योगहरूमा स्वच्छ उत्पादन प्रवर्द्धन, वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरण तथा दिगो औद्योगिक विकाससम्बन्धी कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ। यी सम्पूर्ण कानूनी, नीतिगत तथा प्रशासनिक व्यवस्था कार्यान्वयनमा रहेको, सम्बन्धित निकायहरूले निरन्तर नियमन, अनुगमन र कार्यान्वयन गरिरहेको तथा यस विषयमा सम्मानित अदालतबाट यसअघि नै आवश्यक निर्देशन तथा परमादेश जारी भई कार्यान्वयन भइरहेको अवस्थामा पुनः मागबमोजिम थप परमादेश जारी गर्नु आवश्यक नरहेको हुँदा रिट निवेदन खारेज हुनुपर्ने जिकिरका साथ **प्रत्यर्थी नेपाल सरकारको तर्फबाट प्रस्तुत बहसनोट ।**

२३. प्लाष्टिक झोलाको न्यूनतम मोटाइ ४० माइक्रोन कायम गर्ने व्यवस्था कुनै वैज्ञानिक अध्ययन वा प्रमाणमा आधारित नभएको, विभिन्न सरकारी अध्ययन, प्रतिवेदन तथा नीतिगत दस्तावेजहरूले प्लाष्टिक झोलाको पूर्ण प्रतिबन्धभन्दा यसको प्रभावकारी

व्यवस्थापन, पुनःप्रयोग (Reuse), पुनःचक्रण (Recycle) तथा न्यूनीकरण (Reduce) लाई प्राथमिकता दिएको छ। फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले समेत स्रोतमै फोहोर वर्गीकरण तथा पुनःप्रयोग र पुनःचक्रणलाई कानुनी दायित्वको रूपमा स्वीकार गरेको अवस्थामा त्यसको प्रभावकारी कार्यान्वयन नगरी केवल माइक्रोन वृद्धि गर्दै जानु वैज्ञानिक तथा व्यवहारिक छैन। साथै, संयुक्त राज्य अमेरिका, स्विडेन, डेनमार्क, थाइल्याण्ड, भियतनाम लगायतका विभिन्न मुलुकमा ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन वा प्रयोग विभिन्न रूपमा भइरहेकाले माइक्रोन वृद्धि मात्रले वातावरणीय प्रदूषण नियन्त्रण हुने आधार नरहेको तथा प्रदूषणको मुख्य कारण प्लाष्टिकको मोटाइ नभई यसको अनुचित व्यवस्थापन हो।

बहसनोटमा नेपाल सरकारको बजेट वक्तव्य तथा प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजनाले उद्योगहरूको प्रविधि स्तरोन्नतिका लागि अनुदान तथा सहुलियत उपलब्ध गराउने व्यवस्था गरे पनि त्यसको कार्यान्वयन नगरी एकाएक ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री तथा वितरणमा रोक लगाउँदा उद्योगीहरूको लगानी, रोजगारी तथा संविधानद्वारा प्रत्याभूत पेशा, व्यवसाय र उद्योग सञ्चालन गर्ने हकमा असमानुपातिक असर परेको छ। तसर्थ, ४० माइक्रोनको मापदण्ड तत्काल कार्यान्वयन नगरी वैज्ञानिक अध्ययनका आधारमा उपयुक्त मापदण्ड निर्धारण गर्न, उद्योगहरूलाई प्रविधि रूपान्तरणका लागि पर्याप्त समय, आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन तथा विस्तारित उत्पादक उत्तरदायित्व (Extended Producer Responsibility) लगायतका व्यवस्थापनसम्बन्धी उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकारका नाममा उपयुक्त आदेश जारी हुनुपर्ने माग सहित **सवनम प्लाष्टिक उद्योगको तर्फबाट प्रस्तुत बहसनोट।**

## यस अदालतको आदेश

२४. नियमबमोजिम दैनिक तथा साप्ताहिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक विद्वान् वरिष्ठ अधिवक्ता श्री पदम बहादुर श्रेष्ठ तथा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शुभनराज आचार्य एवं विद्वान् अधिवक्ताहरु श्री दिलराज खनाल, श्री रुपा बस्नेत, श्री विष्णु कुमार थोकर, श्री राजु फुयाल, श्री पटकोण श्रेष्ठ, श्री आरजु कार्की, श्री सञ्जय अधिकारी, श्री हार्दिक

सुवेदी र श्री स्मृका बस्नेत, बिपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी तथा विद्वान् उपन्यायाधिवक्ता श्री शान्ति न्यौपाने तथा प्रस्तुत रिट निवेदनमा सरिक हुन आएका निवेदक सबनम प्लाष्टिक उद्योगसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबहादुर कार्कीले गर्नुभएको बहस सुनियो।

२५. प्रस्तुत रिट निवेदन संलग्न मिसिल कागजात अध्ययन गर्दा, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा २०७८।४।१ देखि पूर्ण प्रतिबन्ध लगाउने गरी आ.ब. ०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. १६० मा उल्लेख गरिएको, बिपक्षी नेपाल सरकारको तत्कालीन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१ चैत्र १८ गते, संख्या ४५, भाग ५ बाट नेपाल राजपत्रमा प्रकाशित गरिएको सूचनामा काठमाडौं उपत्यकालाई स्वच्छ, सफा र प्रदुषणमुक्त बनाउने उद्देश्यले २०७२ साल वैशाख १ गतेदेखि लागू हुने गरी प्रतिबन्ध लगाइएको भएतापनि पूर्ण रूपमा कार्यान्वयन नभएकाले नेपालको संविधानको धारा ३० द्वारा प्रदत्त स्वच्छ वातावरणको हकको संरक्षण हेतु परमादेशको आदेश जारी गरिपाउन निवेदन मागदाबी लिइएको देखिन्छ। बिपक्षीहरू नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय एवम् विभागहरूबाट पेस भएको लिखित जवाफमा उक्त व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानूनी तथा नियामकीय कार्यहरू भइरहेको हुँदा परमादेशको आदेश आवश्यक नपर्ने जिकिर लिएको देखिन्छ। सारतः दुवै पक्षहरू ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको पूर्ण प्रतिबन्ध आवश्यक रहेको भन्नेमा सहमत छन्। मात्र बिपक्षी नेपाल सरकार र सो अन्तर्गतका निकायहरू उक्त व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने सम्बन्धमा उदासिन रहेको भन्ने निवेदकको जिकिर रहेको देखिन्छ। अर्कोतर्फ, आफ्नो हकहितलाई असर गर्ने भनी निवेदन लिइ आएका सबनम प्लाष्टिक उद्योगहरू समेतले ४० माइक्रोनको मानक वैज्ञानिक अध्ययन वा प्रमाणमा आधारित नभएको तथा उक्त मापदण्डभन्दा पातलो प्लाष्टिक प्रतिबन्ध गरिएको अवस्थामा निजहरूको पेसा, व्यवसाय गर्ने नेपालको संविधान प्रदत्त मौलिक हकको हनन हुन जाने भन्ने जिकिर रहेको छ।

२६. उपर्युक्तानुसारको तथ्य, निवेदन जिकिर एवम् लिखित जवाफ रहेको प्रस्तुत निवेदनमा निवेदक तथा विपक्षीहरूका कानून व्यवसायीहरूले पेस गर्नुभएको बहसनोट एवम् यस

अदालतले जारी गरेको आदेश पालनाका क्रममा विपक्षीहरूतर्फबाट पेस भएको प्रतिवेदन, कागजात एवम् आधिकारिक दस्ताबेजहरू समेतको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, देहाय अनुसारका प्रश्नहरूको निरूपण गरी निर्णय दिनुपर्ने हुन आयो:-

क. ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको प्रतिबन्ध गर्ने व्यवस्थाको मानक के हो? उक्त मापदण्ड भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्दा उद्योगीहरूको पेसा, व्यवसाय गर्ने मौलिक हक हनन हुन्छ वा हुँदैन?

ख. ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्ने गरी गरिएको व्यवस्थाको कार्यान्वियन लगायत फोहोरमैला व्यवस्थापनका लागि विपक्षी नेपाल सरकारले गरेका कार्यहरू पर्याप्त छन, छैनन्? सो-सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय एवम् आवश्यक वित्तीय व्यवस्था गरिएको छ, छैन?

ग. ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयनका लागि नेपालले के-कस्तो संरचना, प्रणाली, वा कार्यान्वियनकारी खाकाको अवलम्बन गर्नु उपयुक्त हुन्छ?

घ. ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्ने सम्बन्धमा निवेदक मागदावी बमोजिम के-कस्तो आदेश जारी हुनुपर्ने हो?

२७. **पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा,** प्लाष्टिकजन्य प्रदूषण वर्तमान समयको एक गम्भीर विश्वव्यापी वातावरणीय चुनौतीका रूपमा रहेकोमा विवाद छैन। संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम (UNEP) का अनुसार विश्वभर वार्षिक करिब ४० करोड मेट्रिक टन प्लाष्टिक उत्पादन हुन्छ जसको ठूलो हिस्सा एकपटक मात्र प्रयोगमा आउने (single-use) प्लाष्टिकका झोला तथा प्याकेजिङ सामग्रीहरू रहेका छन्।[१] प्लाष्टिकबाट बनेका सामग्रीहरू नकुहिने (non-biodegradable) हुनाले वर्षौंसम्म प्राकृतिक रूपमा अपघटन (decompose) नहुने, माटोको उर्वराशक्ति ह्रास गर्ने, नदि तथा सामुद्रिक

[१] Everything you need to know about plastic pollution, UNEP, https://www.unep.org/news-and-stories/story/everything-you-need-know-about-plastic-pollution बाट साभार गरिएको।

पारिस्थकिय प्रणालीमा असर गर्नुका साथै जलचर विविधतालाई नकारात्मक प्रभाव पार्ने, जमिनको प्राकृतिक पुनर्भरणमा अवरोध सिर्जना गर्ने, प्राकृतिक रूपमा विघटन नहुने भएकाले जलाउँदा dioxin furan जस्ता carcinogenic gas उत्सर्जन हुने तथा अपघटन हुने क्रममा कार्बन उत्सर्जन भई जलवायू परिवर्तनको गतिलाई तिव्र पार्ने हुँदा प्लाष्टिकको नियमन, नियन्त्रण र व्यवस्थापन वर्तमान परिप्रेक्ष्यमा अपरिहार्य बनेको छ। प्लाष्टिक र प्लाष्टिकबाट बनेका सामग्रीहरूका कारण वातावरणमा अपूरणीय क्षति पैदा हुने हुँदा प्रस्तुत रिट निवेदन सम्बद्ध विषय नेपालको संविधानको धारा ३० को उपधारा (१) द्वारा प्रत्याभुत गरिएको "प्रत्येक व्यक्तिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक" सँग जोडिएको देखिन्छ।

२८. वातावरणको हक प्रत्येक व्यक्तिको मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग अन्तरसम्बन्धित रहेको तथा वर्तमान पुस्ताका प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणको अधिकार सुनिश्चित गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग समेतका लागि तथा भावी पुस्तालाई स्वच्छ र स्वस्थ वातावरण प्राप्त गर्ने समन्यायीक अधिकार सुरक्षित गर्न स्वस्थ, स्वच्छ र दिगो वातावरणको हकको व्यवस्था गरिएको हो।[१] यसरी व्यक्तिको मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको हकसँग प्रत्यक्ष रूपमा जोडी नेपालको संविधानमा वातावरणको हकको व्यवस्था गरिएको हुँदा वातावरणको हक र जीवनको हकलाई समानस्तरमा हेरिनुपर्ने देखिन्छ। जति महत्त्वका साथ जीवन र स्वतन्त्रताको हकलाई लिइन्छ त्यत्ति नै संवेदनशीलताका साथ वातावरणको हक समेतलाई लिइनु आवश्यक देखिन्छ। अर्को शब्दमा, वातावरणको हक वास्तव मै सम्मानपूर्वक बाँच्न पाउने हकको अर्को रूप हो भन्दा फरक पर्दैन। खासगरी, जलवायू परिवर्तनको उच्च जोखिमको रूपमा रहेका हाम्रो जस्तो मुलुकमा वातावरणीय प्रदुषणको परिणामस्वरूप निम्तिएका बाढि, पहिरो, हिमताल विष्फोट जस्ता विपद्‌ले हजारौं मानिसहरूको ज्यान लिई लाखौं मानिसहरूलाई सामान्य जीवनयापन गर्नबाट समेत बाधा परेको हुँदा वातावरणको हकको प्रचलनलाई थप गम्भीरताका साथ लिनु आवश्यक देखिन्छ।

---

[१] संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, प्रारम्भिक मस्यौदा खण्ड, मौलिक हक सम्बन्धी मस्यौदा, बुँदा नं. १५।

२९. वातावरण संरक्षणको आवश्यकता, महत्त्व र संवेदनशीलतालाई मध्येनजर गर्दै यस अदालतले पटकपटक जारी गरेका रिट आदेशको कार्यान्वयन र नागरिक समाजका तर्फबाट उठाइएका वातावरण संरक्षणको मागलाई सम्बोधन गर्न वातावरणलाई नकारात्मक प्रभाव पार्ने तत्त्वहरूको न्यूनिकरण, व्यवस्थापन तथा अन्ततः उन्मूलन गर्नेतर्फ निर्देशित भई विपक्षीहरूबाट ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक झोलाको प्रतिबन्धसम्बन्धी व्यवस्था विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१।१२।१८ को राजपत्र सूचना, आ.व. २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. १६० तथा हालको प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ मार्फत क्रमशः संस्थागत भइरहेको देखिन्छ। यसै क्रममा आ.व. ०८२।८३ को बजेट वक्तव्यको बुँदा नं. ११८ मा उल्लिखित प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनिकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्था समेत गरिएको छ। यद्यपि, प्रस्तुत रिट निवेदनमा आफ्नो सरोकार रहने भनी सबनम प्लाष्टिक उद्योगसमेतका सरोकारवालाले आफ्नो तर्फबाट निवेदन समेत पेस गरी ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक प्रतिबन्ध गर्ने व्यवस्था वैज्ञानिक वा प्रमाणमा आधारित छैन भनी जिकिर लिएको हुँदा उक्त जिकिरलाई सम्बोधन गर्नु यहाँ आवश्यक ठानिएको छ।

३०. सो सम्बन्धमा मिसिल संलग्न निवेदन जिकिर हेर्दा, पातला प्लाष्टिकहरू पुनःचक्रण नहुने, भौतिक रूपमा कमजोर भई सहजै चिथोरिने, पुनः प्रयोग गर्न नसकिने लगायत सहजै माटोमा मिसिन गई वातावरणीय क्षति उच्च हुने हुँदा धेरै पातला प्लाष्टिकको उत्पादन तथा प्रयोगलाई निरुत्साहित गर्नु आवश्यक रहेको भनी उल्लेख गरिएको पाइयो। पातला प्लाष्टिकहरू सहजै च्यातिई, टुक्री माइक्रोप्लाष्टिकमा विखण्डन हुने हुँदा स्वभाविक रूपमा पुनः प्रयोग तथा पुनः चक्रण गर्न नमिल्ने प्रकृतिका हुनेमा शंका छैन। पातला प्लाष्टिक पुनः चक्रण नहुने भएकाले एकपटक प्रयोग हुने प्लाष्टिक झोलाको प्रयोजन प्रतिस्थापन गर्न अर्को नयाँ प्लाष्टिक झोलाको उत्पादन आवश्यक पर्न जान्छ। जसकारण प्लाष्टिकको संख्या स्वभाविक रूपमा बढ्न जाने र सोहीअनुरुप वातावरणमा प्लाष्टिक प्रदुषण वृद्धि हुँदै जाने देखिन्छ। यसर्थ, ४० माइक्रोनको मापदण्डले वातावरणमा यस्तै

गम्भीर असर गर्ने अर्थात् पुनःप्रयोग वा पुनःचक्रणयोग्य हुन नसक्ने प्लाष्टिक झोलाको मोटाईलाई इंगित गरेको देखिन्छ। पातला तथा एक पटक मात्र प्रयोग गर्न सकिने प्लाष्टिकका झोला वा प्लाष्टिकजन्य वस्तुहरूलाई प्रतिवन्ध नलगाई उत्पादन, आयात, वितरण र प्रयोगलाई निरन्तरता दिने हो भने कालान्तरमा पृथ्वी प्लाष्टिकको डंगुरमा परिणत हुने जोखिम देखिएको छ।

३१. वातावरणीय दृष्टिले हेर्दा, मोटाईको मापदण्ड नै नराखी पूर्ण रूपमा प्लाष्टिक झोलाको प्रतिबन्ध गर्नु वाञ्छनीय हुनसक्ला। उत्पादन गरिएको प्रत्येक प्लाष्टिकजन्य वस्तु नदीको बाटो हुँदै अन्ततः समुद्रमा पुग्ने हुँदा यसले नदी तथा सामुद्रिक पारिस्थितिकिय प्रणाली एवम् जैविक विवधतामा नकारात्मक असर गरिरहेको कुरालाई नकार्न सकिँदैन।[४] त्यस्तै, विभिन्न रासायनिक पदार्थ, खनिज तेल, र प्राकृतिक ग्यासहरू प्लाष्टिकको मूख्य कच्चा पदार्थको रूपमा रहने हुँदा उत्पादनका क्रममा उत्सर्जन हुने इथेन, इथाइलिन, प्रोपाइलिन जस्ता कार्बन यौगिकहरूका कारण जलवायुमा परिवर्तन तिव्र रूपमा बढिरहेको छ।[५] सन् २०१९ को तथ्यांक अनुसार विश्वभर उत्सर्जन हुने कार्बनको ३.४ प्रतिशत हिस्सा प्लाष्टिकबाट भइरहेको देखिन्छ जुन सन् २०६० सम्म तीन गुणा बढेर जाने प्रक्षेपण गरिएको छ।[६] प्लाष्टिक प्रदुषणले ल्याउने यी जोखिमका बाबजुद विश्वको प्रमुख उपभोग्य वस्तुका रूपमा प्लाष्टिक नै रहेको हुँदा वैकल्पिक वस्तुको अभाव र यसको उपयोगिताका कारण सबै प्रकारका प्लाष्टिकको उत्पादन, आयात, बिक्रि वितरण र प्रयोगमा पूर्ण प्रतिवन्ध लगाउन सकिएको छैन। यद्यपि जोखिमयुक्त प्लाष्टिकको प्रयोगमा प्रतिबन्ध लगाउँदा वातावरण संरक्षणमा सहायता पुग्ने हुँदा मापदण्डबाहेकका प्लाष्टिक झोलाको प्रतिवन्धलाई वर्तमान परिप्रेक्ष्यमा अपरिहार्य मान्नुपर्ने देखिन्छ।

---

[४] Abigail Cousins et al., *The Combined Effects of Ocean Warming and Microplastic Pollution on Marine Phytoplankton Community Dynamics*, 219 Marine Pollution Bulletin, art. 118286 *retrieved from* https://doi.org/10.1016/j.marpolbul.2025.118286 (माइक्रोप्लाष्टिक फाइटोप्लांकटनसँग जडिएको अवस्थामा फोटोसिन्थेसिस् प्रक्रियामा हस्तक्षेप भई विश्वको प्रमुख कार्बन अवशोषण प्रणालीमा हस्तक्षेप हुन गएको पाइन्छ। त्यस्तै, नदि एवम् सामुद्रिक जलचरहरूको खानामा प्लाष्टिक एवम् माइक्रोप्लाष्टिकहरू मिसिरहेको छ।)

[५] Sarah-Jeanne Royer et al., *Production of Methane and Ethylene from Plastic in the Environment*, 13 PLoS ONE e0200574 (2018), https://doi.org/10.1371/journal.pone.0200574 बाट साभार गरिएको।

[६] UNEP, *Plastic Pollution*, https://www.unep.org/topics/chemicals-and-pollution-action/plastic-pollution बाट साभार गरिएको।

३२. विश्व आर्थिक व्यवस्थाको उत्पादनमूलक क्षेत्रको प्लाष्टिकमा रहेको निर्भरताका कारण पूर्ण प्रतिबन्ध लाउन नसकिए पनि जोखिमयुक्त प्लाष्टिकको पहिचान गरी निश्चित प्रकारका प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने प्रयास विश्वव्यापी रूपमा भइरहेको देखिन्छ। सोही अनुरूप प्लाष्टिक झोलाको व्यवस्थापन एवम् न्यूनिकरण गर्ने सम्बन्धमा कानून निर्माण गरेका विश्वभरका दुई-तिहाई मुलुकहरूमध्ये अधिकांशले प्लाष्टिक झोलाको न्यूनतम मोटाई तोकी मापदण्ड बाहिरका प्लाष्टिकमा प्रतिबन्ध लगाउने वा लेभी लगाउने व्यवस्था जारी गरेको पाइन्छ।[७] तीमध्ये अधिकांश मुलुकहरूमा उक्त मापदण्ड न्यूनतम् ४०-५० माइक्रोनको वरपर रहने गरी तय गरिएको छ।[८] केही मुलुकहरूले भने उत्पादन गर्न सकिने प्लाष्टिकको अधिकतम् मोटाई समेत निर्धारण गरेका छन्। उदाहरणका लागि, बेलायतमा ५०-७० माइक्रोन मोटाईका प्लाष्टिकको झोला बाहेकमा थप शुल्क तोकी तीनको प्रयोगलाई निरुत्साहित गरिएको छ।

३३. प्लाष्टिकको झोलाको न्यूनतम् मोटाई निर्धारण गरी प्लाष्टिकको झोलामा प्रतिबन्ध लगाउने अभ्यासले एक पटक मात्र प्रयोग हुने (single use plastics), सजिलै विखण्डन भई (easily breakable) माइक्रोप्लाष्टिकमा टुक्रिने, नकुहिई झरीसँगै नदि हुँदै समुद्र पुगी पारिस्थिकीय प्रणालीमा असर गर्ने, विखण्डन हुने क्रममा कार्वन उत्सर्जन गर्ने तथा पुनः चक्रण नहुने प्लाष्टिकहरूलाई वातावरणबाटै हटाउने उद्देश्य लिएको देखिन्छ। पुनः

[७] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics: A Global Review of National Laws and Regulations*, p. 12 https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf बाट साभार गरिएको। (संसारभर १२७ मुलुक अर्थात् करिब दुई तिहाई मुलुकहरूले प्लाष्टिक झोलाहरूको व्यवस्थान एवम् न्यूनिकरणका लागि आफ्नै कानून जारी गरेको देखिन्छ। यी मध्ये ८३ देशहरूमा रिटेल वितरणका लागि प्रतिबन्ध लगाइएको देखिन्छ भने ५१ देशहरूले आयात र उत्पादन समेतलाई प्रतिबन्ध गरेको देखीन्छ। जम्मा ९१ मुलुकहरूले कुनै न कुनै प्रकारको प्रतिबन्ध लगाएका छन्।)

[८] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics: A Global Review of National Laws and Regulations*, p. 18-19 https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf बाट साभार गरिएको। (उदाहरणका लागि साउदी अरेबियामा २५० माइक्रोन भन्दा पातला प्लाष्टिक झोला र खोललाई अक्सो-बायोडिग्रेडेबल बनाउनुपर्ने मापदण्ड राखिएको छ भने जोर्डनमा २०० माइक्रोन भन्दा पातला प्लाष्टिकका झोलालाई पूर्ण रूपमा प्रतिबन्ध गरिएको छ। त्यस्तै, उज्बेकिस्तानमा ५ लिटर क्षमता सम्मका प्लाष्टिक झोलाको न्यूनतम मोटाई १५ माइक्रोन हुनुपर्ने र १० लिटर क्षमता सम्मका प्लाष्टिक झोलाको न्यूनतम मोटाई ५० माइक्रोन हुनुपर्ने कानून रहेको देखिन्छ।)

चक्रण गरी उत्पादन हुने प्लाष्टिकले नयाँ उत्पादनका तुलनामा ५० प्रतिशत कम कार्बन उत्सर्जन गर्ने भएकाले एक पटक मात्र प्रयोग गर्न सकिने (single use plastics) पातला प्लाष्टिक झोलाको उत्पादन, आयात, वितरण तथा प्रयोगमा बन्देज लगाइएको देखिन्छ। प्लाष्टिक झोलाको मोटाईको अधिकतम सीमा समेत निर्धारण गरेका मुलुकहरूले भने मोटा, ठूला प्लाष्टिकहरू पुनःचक्रण गर्न सकिने भएतापनि उत्पादनको क्रममा बढि मात्रामा रसायनिक पदार्थ, खनिज तेल, कोइला लगायतका कच्चा पदार्थ खपत भई फलतः उत्सर्जन हुने कार्बनको मात्रा समेत बढि हुने हुँदा निर्धारित अधिकतम् मोटाई भन्दा बाक्लो प्लाष्टिकको झोलाको उत्पादनमा समेत लेभी (शुल्क) लगाउने गरेको देखिन्छ। नेपालमा हाल प्लाष्टिक झोलाको अधिकतम मोटाईको मापदण्ड तोकिएको नभएतापनि सो-सम्बन्धमा समेत आगामी दिनहरूमा विचार गर्न सकिन्छ।

३४. उपर्युक्त विश्लेषणबाट प्लाष्टिक झोलाको मोटाईको मापदण्ड निर्धारण गरी मापदण्डभित्र नपर्ने प्लाष्टिकको झोलाको उत्पादन, आयात, वितरण तथा प्रयोगमा प्रतिबन्ध लगाउने कानूनी व्यवस्थाले कार्बन उत्सर्जनमा न्यूनिकरण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधताको संरक्षण, माटोको उर्बरा शक्तिको संरक्षण एवम् माटो प्रदुषणको न्यूनिकरण लगायत तिव्र जलवायू परिवर्तनको जोखिमी अवस्थालाई न्यूनिकरण गर्दै समग्रमा वातावरण संरक्षण गर्ने विषय संयुक्त राष्ट्र संघीय प्रविवेदनहरूबाट स्थापित भइसकेको देखिन्छ। उक्त व्यवस्था प्रमाणमा आधारित तथा वैज्ञानिक नभएको भन्ने सरोकारवालाका रूपमा निवेदन दिएका सबनम प्लाष्टिक उद्योग समेतको जिकिरसँग सहमत हुन सकिएन। **वातावरणीय प्रदुषण तथा जलवायू परिवर्तन विश्वव्यापी समस्या हो र यसको नकारात्मक परिणामहरूको रोकथाम गर्न प्रत्येक मुलुकले सार्थक योगदान गर्नुपर्दछ। नदि तथा सामुद्रिक जैविक विविधतालाई संरक्षण गर्ने जिम्मेवारी त्यस्तो नदि वा समुद्र रहेको देशको मात्र हुँदैन। नेपालमा समुद्र रहेको नभएतापनि यहाँ उत्पादन तथा आयात हुने प्लाष्टिक नदिको बाटो हुँदै गंगामा गई अन्ततः समुद्रमा गएर विसर्जन हुने र फलतः त्यहाँको पारिस्थितिकीय प्रणालीमा असर पर्ने हुँदा सामुद्रिक जीवनको रक्षार्थ नेपालले समेत योगदान गर्नुपर्दछ।**[९] साथै, प्लाष्टिकले समुद्रमा रहेका

[९] Laurent C.M. Lebreton et al., *River Plastic Emissions to the World's Oceans,* 8 Nature Comm. 15611, (2017), *retrieved from* https://doi.org/10.1038/ncomms15611 *(Our model predicted that the Chinese Yangtze River is the largest contributing catchment, with an annual points of 0.33 (range 0.31-0.48)*

फाइटोप्लांकटनलाई समेत असर गरी कार्बन अवशोषणमा बाधा पुर्‍याई जलवायू परिवर्तनलाई तिव्र गराउन मद्दत गर्ने हुँदा अन्ततः नेपालले समेत त्यसको नकारात्मक असर व्यहोर्नु पर्ने हुन्छ। प्लाष्टिकको व्यवस्थापन तथा न्यूनिकरण स्रोत मै हुनसक्ने हो भने त्यसको परिणामहरूलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। जलवायू परिवर्तनले ल्याएको जोखिमलाई सबै मुलुकहरूले जुझारू भई संयुक्त तथा व्यक्तिगत रूपमा प्रयास गर्नु आजको आवश्यकता हो। नेपालजस्तो जलवायू परिवर्तनको उच्च जोखिमयुक्त अवस्थामा भएको मुलुकले विश्वसामू जलवायू न्यायको दाबी गर्दै गर्दा कार्बन उत्सर्जनलाई न्यूनिकरण गर्न आफूले गरेका प्रयासहरूले उक्त दावीलाई सबल एवम् थप प्रमाणमा आधारित बनाउने हुँदा त्यसतर्फ विपक्षी नेपाल सरकारको ध्यानाकर्षण हुनुपर्दछ। सोहि प्रयास अनुरूप जोखिमयुक्त प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई न्यूनिकरण गर्दै भविष्यमा शून्य प्रायः बनाउँदै जानु नितिगत एव् कानूनी हिसावले उचित, उपयुक्त, उत्तरदायी एवम् जलवायू संवेदनशील हुने देखिन्छ।

३५. अब प्लाष्टिक झोलामा न्यूनतम ४० माइक्रोनको मोटाई हुनुपर्ने मापदण्ड तोकी सोभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगलाई प्रतिबन्ध गर्दा उद्योगीहरूको पेसा, व्यवसाय गर्ने नेपालको संविधानको धारा १७(२)(च) द्वारा प्रत्याभूत मौलिक हक हनन हुने जिकिर सम्बन्धमा विचार गर्दा, उक्त धारा १७(२)(च) को प्रतिबन्धात्मक वाक्यांश (छ) ले *"जनताको सार्वजनिक स्वास्थ्य... प्रतिकूल हुने कार्यमा रोक लगाउने... गरी ऐन बनाउन रोक लगाएको मानिने छैन"* भनी व्यवस्था गरिएको देखिन्छ। त्यस्तै, धारा ३० को उपधारा (१) ले *"प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ"* भनी उल्लेख गरेको र उपधारा (२) मा वातावरणीय क्षतिबाट पीडित हुनेले क्षतिपूर्ति पाउने हकसमेतको व्यवस्था गरेको देखिन्छ। यसबाट वातावरण तथा सार्वजनिक स्वास्थ्य संरक्षणका लागि व्यवसाय स्वतन्त्रतामाथि उचित र समानुपातिक (proportionate) नियमन गर्नु वा रोक लगाउनु नेपालको संविधान अनुकूल नै रहेको देखिन्छ। यस अदालतले **नेपाल प्लाष्टिक उत्पादक संघ समेत वि. महेन्द्रनगर नगरपालिका कंचनपुर समेत** रहेको रिट निवेदनमा प्लाष्टिकको बेचबिखन र उपभोगमा लगाइएको रोकले समानताको हक कानूनद्वारा निर्दिष्ट परिधि एवं मापदण्ड भित्र रही

*million tonnes of plastic discharged into the East China Sea, followed by the Ganges River catchment, between India and Bangladesh, with a computed input of 0.12 (range 0.10-0.17) million tonnes per year.).*

व्यापार गर्न पाउने स्वतन्त्रताको हकमा हनन नहुने भनी व्याख्या समेत गरेको देखिन्छ।[१०] साथै, मिसिल कागजातबाट सरकारले पूर्ण निषेधको सट्टा प्रविधि हस्तान्तरण, स्तरवृद्धिका लागि अनुदान, कर तथा भन्सार सहुलियतजस्ता संक्रमणकालीन सहजीकरणका उपायहरू अवलम्बन गर्दै गरेको देखिँदा उक्त प्रतिबन्ध उद्योगीहरूको व्यवसाय गर्ने हकलाई पूर्णतः निषेध गर्ने नभई नियमन गर्ने प्रकृतिको मात्र देखिन्छ। यसरी जनताका मौलिक हक एवम् सार्वजनिक स्वास्थ्यको संरक्षणको लागि नियमन गर्ने कार्यलाई पेसा, व्यवसाय गर्ने मौलिक हकको संकुचनको रूपमा लिइने हो भने कुनै पनि प्रकारका नियमनकारी व्यवस्था कार्यान्वयनमा आउन सक्दैन। व्यक्तिगत स्वतन्त्रताको मौलिक हकलाई सार्वजनिक हित तथा सार्वजनिक हकका तत्त्वहरूले बाँध्ने हुँदा ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको प्रतिबन्धले संविधानको धारा १७(२)(च) द्वारा प्रत्याभूत हकको सारभूत मर्मलाई हनन गर्दैन। यद्यपि यसरी कुनै बस्तुको उत्पादन देखि प्रयोग सम्ममा कानून बमोजिम लगाइएको नियमनलाई कार्यान्वयन गर्ने क्रममा प्रभावित उद्योगहरूलाई प्रविधि रूपान्तरणका लागि उचित संक्रमणकालीन अवधि, आर्थिक तथा प्राविधिक सहजीकरण प्रदान गर्नु समानुपातिकताको सिद्धान्त अनुकूल राज्यले सहजीकरण गर्नु बाञ्छनीय हुने देखिन्छ।

३६. **दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा**, मिसिल कागजातबाट यस अदालतले ४० माइक्रोन भन्दा पातला प्लाष्टिक झोलाको उत्पादन, आयात, वितरण तथा प्रयोगमा पूर्ण रूपमा लगाइएको प्रतिबन्धको कार्यान्वयन गर्ने सम्बन्धमा प्रस्तुत रिट निवेदनको चरणबद्ध सुनुवाईका क्रममा बिभिन्न आदेशहरू जारी गरेको देखिन्छ। मिति २०७८।४।२८ उक्त प्रतिबन्धको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना बनाउने, कार्ययोजना निर्माण भएपछि ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक झोलामा लगाइएको प्रतिबन्ध पूर्ण रूपमा कार्यान्वयन गर्ने, कार्ययोजना कार्यान्वयनको लागि अनुगमन संयन्त्र तयार गरी नियमित अनुगमन गर्ने, उक्त संयन्त्रले कार्ययोजनाको कार्यान्वयनको प्रगति विवरण प्रत्येक २ महिनामा अदालतमा पेस गर्ने गरी विपक्षीहरूलाई आदेश जारी गरिएको देखिन्छ। त्यस्तै, मिति २०८२।८।७ मा उक्त आदेशहरूलाई निरन्तरता दिँदै प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ को कार्यान्वयन अवस्था, आ.ब. २०८२।८३

[१०] ने.का.प. २०६०, अंक ३, नि.नं. ७२०७।

को बजेट वक्तव्यको बुँदा नं. ११८ अनुरूप ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्थाको कार्यान्वयनको अवस्था, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकका झोला उत्पादन गर्ने उद्योगहरुको पहिचान, त्यस्ता उद्योगले उत्पादन गरे नगरेको अवस्था, त्यस्ता कम गुणस्तरका प्लाष्टिकको झोलाको आयातको अवस्था र आमरुपमा प्रयोग भए नभएको एवं यस्ता प्लाष्टिकजन्य झोलाको प्रयोग र बिसर्जनको सम्बन्धमा जनसचेतनाका लागि भए गरेका विविध कार्यहरु समेत सम्बोधन हुने प्रतिवेदन तयार गरी पेस गर्न आदेश भएको देखिन्छ। सोपश्चात मिति २०८२।१०।११ मा यस अदालतले मिति २०८२।८।७ को आदेशलाई निरन्तरता दिनुका साथै ४० माइक्रोन वा सो भन्दा बाक्लो प्लाष्टिक उत्पादन, बिक्री वितरण र प्रयोगलाई जोड दिन प्लाष्टिक उद्योग र प्रविधिमा रहेको आवश्यकता, BASEL Convention on Control of Transboundary Movements of Hazardous Wastes and their Disposal, 1989 को कार्यान्वयनको अवस्था समेत सम्बोधन हुने प्रतिवेदन पेस गर्न आदेश दिइएको देखिन्छ।

३७. उक्त आदेशहरू कार्यान्वयन गर्ने क्रममा विपक्षीहरुले प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ स्वीकृत गरी सम्पर्क व्यक्ति तोकेको, मुख्यसचिवको संयोजनमा केन्द्रीय अनुगमन समिति गठन गरेको, वातावरण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमार्फत उद्योग तथा बजार अनुगमन गरी जरिबाना तथा जफतसम्मको कारबाही गरेको, २०८२ मंसिर १ गतेदेखि सार्वजनिक सूचना जारी गरी प्रतिबन्ध कार्यान्बयनमा ल्याएको, प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ जारी गरी Extended Producer Responsibility प्रणालीलाई कानुनी मान्यता दिएको तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ। त्यस्तै, यस अदालतमा समय समयमा पेस गरिएको प्रगति विवरण अनुसार विभिन्न उद्योगहरूको अनुगमन गर्ने क्रममा मापदण्ड भित्र नपर्ने प्लाष्टिक झोला जफत गरी नबेच्न सचेत गराइएको तथा आयातमा रोक लगाउन विश्व व्यापार संगठन समक्ष पत्राचार प्रक्रिया अगाडि बढाइएको, प्लाष्टिकको वातावरणमैत्री विकल्पको प्रवर्द्धन, प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको, Starch Based Biodegradable झोलालाई ४० माइक्रोनको प्रतिबन्धबाट अपवाद राख्ने, सम्बन्धमा राजपत्र प्रकाशनार्थ आवश्यक परामर्श प्रक्रिया अगाडि

बढाइएको, ४० माइक्रोन भन्दा बाक्लो झोला उत्पादन गर्न स्तर वृद्धि गर्ने तथा वैकल्पिक (biodegradable) झोला उत्पादन गर्ने उद्योगीलाई अनुदान दिने कार्यविधि तर्जुमाका लागि मस्यौदा समिति गठन गरी अर्थ मन्त्रालयसमक्ष बजेट माग गर्ने कार्य भइरहेको, उद्योग दर्ता प्रमाणपत्रमा ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक उत्पादन गर्न नपाइने शर्त समावेश गर्ने, नियमित उद्योग तथा बजार अनुगमन, सरोकारवाला निकायबीच समन्वय तथा बैठक, सम्बन्धित निकायलाई निर्देशन र प्रदेश मन्त्रालयहरूलाई पत्राचार लगायतका कार्यहरू गरिएको, कार्ययोजना कार्यान्वयनका लागि केन्द्रीय तथा प्रदेशस्तरीय अनुगमन समिति, उद्योग तथा बजार अनुगमन टोली तथा सरोकारवाला निकायका सम्पर्क व्यक्ति (focal person) हरूको बैठक सञ्चालन गरिएको, National Plastic Inventory सम्बन्धी कार्य सम्पन्न गरी सोको प्रतिवेदन वातावरण विभागमा पेस गरिएको, ४० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, बिक्री, वितरण तथा प्रयोग निषेधसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको, ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक झोला, प्लाष्टिकजन्य फूलगुच्छा तथा प्रचलित कानूनले अनुमति नदिएका प्रयोग भइसकेका (second-hand) वस्तुको पैठारीमा प्रतिबन्ध लगाइएको, बेसल महासन्धिअनुसार सन् २०२२ को राष्ट्रिय प्रतिवेदन बुझाइसकिएको देखिन्छ। यसरी हेर्दा विपक्षीहरू पूर्णतः निष्क्रिय रहेको भन्न मिल्ने अवस्था देखिँदैन।

३८. तथापि, आ.व. २०७८।७९ को बजेट वक्तव्यमा नै मिति २०७८।०४।०१ देखि पूर्ण प्रतिबन्ध लागू हुने घोषणा भइसकेको व्यवस्थाको कार्यान्वयनका लागि निर्देशिका निर्माण गर्न करिब साढे चार वर्ष (२०८२ मंसिरसम्म) लाग्नुले नै विपक्षीहरूको कार्यसम्पादनमा अपेक्षित तदारुकता र गम्भीरताको अभाव रहेको प्रस्ट हुन्छ। साथै, उद्योग विभागसँग प्लाष्टिक उद्योगहरूको छुट्टै अभिलेख वा database नरहनु, उद्योग स्तरवृद्धिका लागि अनुदान वितरण गर्ने कार्यविधि लामो समयसम्म स्वीकृत नहुनु, स्थानीय तहको अनुगमन क्षमता सीमित रहनु तथा वैकल्पिक झोलाको अपर्याप्त उपलब्धता जस्ता कमजोरीहरू विपक्षीहरू स्वयंले स्वीकार गरेको देखिन्छ। त्यस्तै, नेपाल प्लाष्टिक संघद्वारा गठन गरिएको विज्ञ टोलीको प्रतिवेदनले खुला सीमाको कारण हुने अवैध आयात, प्रभावकारी बजार अनुगमन तथा वैज्ञानिक उपकरणको अभाव, दक्ष प्राविधिक जनशक्तिको कमी, उद्योगी तथा व्यवसायीहरूले भोग्नुपरेको प्राविधिक र आर्थिक कठिनाई, उत्पादित

प्लाष्टिकको अनुरेखन, स्रोतमै फोहोर वर्गिकरण हुन नसक्नु, ३ R (Reduce, Reuse and Recycle) सिद्धान्तको प्रभावकारी कार्यान्वयनमा कमी, तथा चक्रिय अर्थतन्त्र र विस्तारित उत्पादक उत्तरदायित्वतर्फ निति निर्देशित हुन नसक्नुलाई ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, वितरण र प्रयोगमा लगाइएको प्रतिबन्धात्मक व्यवस्थाको कार्यान्वयन हुन नसक्नुको कारणका रूपमा पहिचान गरेको देखिन्छ। साथै, Basel Convention अनुरूप विद्यमान कानूनी तथा संस्थागत व्यवस्थालाई परिमार्जन, प्रभावकारी कार्यान्वयन तथा संस्थागत क्षमतामा सुदृढिकरण गर्नुपर्नेमा सो हुन नसकेको भनी विपक्षी नेपाल सरकारले पेस गरेको Basel Convention को कार्यान्वयन सम्बन्धी प्रतिवेदनमा उल्लेख गरी सम्मती जनाएको अवस्था छ।

३९. यसरी प्रस्तुत रिट निवेदन मिसिल संलग्न सरकारी तथा गैरसरकारी प्रतिवेदनहरूले ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, आयात, वितरण र प्रयोगमा लगाइएको प्रतिबन्धलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सामना गर्नुपरेका चुनौती एवम् उल्लिखित सुझावहरूबाट उक्त प्रतिबन्ध पूर्ण रूपमा कार्यान्वयन गर्न विपक्षी नेपाल सरकारको सदनियत रहेको देखिएतापनि प्रतिबन्ध लगाइएको यतिका वर्ष सम्म प्रभावकारी कार्यान्वयनको ढाँचा एवम् प्रणाली अस्तित्त्वमा आइनसकेको र वितरण प्रणालीमा ४० माइक्रोनभन्दा कमका प्लाष्टिक झोलाहरू प्रयोग भईरहेकै हुँदा विपक्षी नेपाल सरकारबाट प्रणाली निर्माण, बजेट व्यवस्थापन, स्रोत साधन परिचालन तथा निति सुधारमा थप तदारुकता आवश्यक रहेको देखिन्छ। संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय सम्बन्धमा हेर्दा संविधानको अनुसूची- ६ र ८ अन्तर्गत वातावरण संरक्षण साझा सूचीमा रहेको भए तापनि तीनै तहबीच स्पष्ट कार्यविभाजन र वित्तीय जिम्मेवारी निर्धारण भएको देखिँदैन, जुन कुरा फोहोरमैला व्यवस्थापनको प्रमुख जिम्मेवारी बोकेको स्थानीय तहको हकमा विशेष रूपमा महत्त्वपूर्ण देखिन्छ। खासगरी, अधिकांश उद्योग प्रदेशस्तरीय घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने भएकाले विभागमा त्यस्ता उद्योगको छुट्टै अभिलेख तथा database नरहेको भनी विपक्षी नेपाल सरकारबाट प्रतिवेदन पेस गरिएको तथा विपक्षी नेपाल सरकारबाट पेस गरिएको बहसनोटमा स्थानीय तहका सम्बन्धित निकाय, संयन्त्रहरू के-कस्ता छन् भनी उल्लेख गर्न आदेश जारी गरिएकोमा त्यस्ता स्थापित संयन्त्रका बारेमा बहसनोटमा कुनै कुरा उल्लेख नगरिएको एवम् बजेट

विनियोजन सम्बन्धमा समेत *"प्रचलित कानून बमोजिम हुँदै आएको"* भनी उल्लेख भएबाट प्लाष्टिक प्रतिबन्ध र फोहोरमैला व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय हुन नसकेको प्रष्ट छ।

४०. मूलतः वातावरण सम्बन्धी हक लगायतका सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारहरूको प्रचलनमा लामो समयदेखि क्रमिक रूपमा हकको प्राप्ति हुने सिद्धान्त (progressive realization theory) को जिकिर लिई राज्यबाट उक्त अधिकारहरूको प्रचलन गराउने सम्बन्धमा अवलम्बन हुनुपर्ने तदारुकता आवश्यक स्तरमा भइरहेको पाईंदैन। सामाजिक सांस्कृतिक अधिकारको प्रचलनमा राज्यको स्रोतसाधन के कसरी परिचालन हुन्छन् भन्ने विषयसमेत जोडिने हुँदा सिद्धान्ततः सो-सम्बन्धमा अदालतबाट हुने आदेशलाई उपयुक्त ठानिँदैन। यद्यपि सामाजिक सांस्कृतिक अधिकार लगायतका मौलिक हकको संरक्षणका लागि यस अदालतले विभिन्न समयमा जारी गरेका परमादेश एवम् निर्देशनात्मक आदेशहरूले कानूनी एवम् सार्वजनिक जगतमा पाएको स्वीकार्यलाई समेत मध्येनजर गर्दा के-कुन मौलिक हक भन्दा पनि ती मौलिक हकको कार्यान्वयनका लागि अदालतले जारी गरेको आदेशको कार्यान्वयनयोग्यताले ती आदेशको उपयुक्तता निर्धारण गर्ने देखिन्छ। यस अदालतले कुनै मौलिक हकको कुनै आयामलाई परिभाषित गरी त्यसको कार्यान्वयनयोग्यताका मापदण्ड वा आधार तय गरिदिइएको अवस्थामा त्यस्तो सामाजिक सांस्कृतिक अधिकारहरूको प्रचलनतर्फ राज्य निर्देशित हुन सक्ने नै देखिन्छ। खासगरी, प्लाष्टिकको झोलामा लगाइएको प्रतिबन्ध कार्यान्वयन गर्ने सम्बन्धमा **द एक्सप्लोर नेपाल प्रा.लि. वि. वन तथा वातावरण मन्त्रालय समेत**[११] रहेको मुद्दामा यस अदालतबाट "निवेदकको मागबमोजिम नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७१।१२।१८ संख्या ४० भाग ५ को नेपाल राजपत्रमा प्रकाशित २०७२।१।१ गतेदेखि काठमाडौं उपत्यकाभित्र २०x३५ साइज र ४० माइक्रोनभन्दा कम मोटाइका साइज र मोटाइभन्दा कम साइज र मोटाइभन्दा कम साइज र मोटाइका प्लाष्टिकका झोलाहरूको आयात, भण्डारण र बिक्री, वितरण तथा प्रयोगलाई व्यवस्थित र नियमित गर्ने सूचना कार्यान्वयन गर्न गराउन परमादेशको आदेश जारी हुने ठहर्छ" भनी परमादेश सहितको आदेश जारी भइसकेको परिप्रेक्ष्यमा प्लाष्टिकमा लगाइएको

---

[११] ने.का.प. २०८०, अंक ५, नि.नं. ११०९५।

प्रतिबन्ध कार्यान्वयनका गरी वातावरणीय हकको प्रचलनमा जनस्तरबाट जवाफदेहिताको अपेक्षा हुनु स्वभाविक हो र त्यसतर्फ राज्यले जवाफदेहि समेत हुनुपर्ने देखिन्छ।

४१. सामाजिक सांस्कृतिक हक लगायतका मौलिक हकको कार्यान्वयन सम्बन्धमा जारी गरिएका आदेशको कार्यान्वयनमा रहेका गतिरोध हटाई त्यसको कार्यान्वयन तर्फ राज्यले संवेदनशील एवम् गम्भीर भूमिका निर्वाह गर्नुपर्दछ। यसलाई अदालत र सरकारबीचको निती विरोधाभाषको (policy contradictions) द्वन्द्वात्मक अवस्थाको रूपमा नलिई नागरिकको अधिकारको प्रचलनका लागि न्यायालय, नागरिक र कार्यपालिकाबीचको त्रिकोणात्मक सम्बन्धको परिदृश्यबाट हेरिनुपर्दछ। अदालतले सामाजिक सांस्कृतिक हकको प्रचलनका लागि सरकारका नाममा जारी गरेका परमादेश वा निर्देशनात्मक आदेशहरूले राज्य कर्तव्यनिष्ठ वा नागरिकको हकप्रति प्रतिबद्ध नरहेको भन्ने निश्कर्ष गर्ने नभई त्यस्ता आदेशहरू जारी भईसकेपछि सरकार तथा राज्यका निर्वाचित अङ्गहरुले आवश्यक कामकारबाहीहरू अघि बढाउछन् भन्ने विश्वास जाहेर गरेको हुन्छ। आदेशहरू मार्फत् अदालतले राज्यको नीति प्राधिकारमा हस्तक्षेप गर्ने नभई सामाजिक सांस्कृतिक हकको प्रचलनमा न्यायिक सीमा निर्धारण गरी राज्यको नितिलाई दिशानिर्देश गर्दछ।[१२] यसरी न्यायिक व्याख्याको क्रममा अदालतले राज्यको दायित्व हुने भनी ठहर गरेको विषयलाई सरकारले मानक वा आधार मानी कार्यान्वयन गर्नेतर्फ आफ्ना साधन स्रोतलाई परिचालित गर्नुपर्दछ। राज्यको दायित्वका रूपमा अदालतबाट पहिचान गरिएका कामकारबाहीहरू अदालतले आफै स्वनिर्धारण गरेका सारभूत प्रावधान नभई संविधानतः तथा कानूनतः निर्धारित दायित्वका कार्यविधिगत सिमा एवम् कार्यान्वयनयोग्य खाकाहरू मात्र हुन्। यी खाकाहरू अदालतले नागरिकका मौलिक हक प्रचलन गरी राज्यको वैधानिकतालाई समर्थन गर्न सरकारका लागि तय गरिदिएका कार्यान्वयनयोग्य निर्देशनहरू हुन्। यसरी सद्भावना तथा विश्वासमा आधारित यस सम्बन्धलाई (Trust-Based Framework/Relationship) निरन्तरता दिन राज्यतर्फबाट उक्त आदेशहरूको पालना समेत हुनु आवश्यक छ।

---

१२ David Vitale, Trust, Courts and Social Rights: A Trust-Based Framework for Social Rights Enforcement, p. 83-126.

४२. उक्त विश्वासमा आधारित अदालत, नागरिक र सरकारबीच रहेको त्रिकोणात्मक सम्बन्ध (Trust Based Framework/Relationship) को परिप्रेक्ष्यमा बिचार गर्दा, विपक्षीहरूबाट भएका प्रयासहरू सर्वथा अपर्याप्त वा उदासीन रहेको नभएतापनि उक्त प्रयासहरू विलम्बित, खण्डित र संस्थागत रूपले पूर्णतः सुदृढ नभएको देखिन्छ। नेपालको संविधानको धारा ३० मा प्रत्याभूत गरिएको वातावरण सम्बन्धी हकको प्रचलन र धारा ५१(ग) मा उल्लिखित प्राकृतिक स्रोत, वातावरण तथा जैविक विविधतासम्बन्धी नीति अन्तर्गत राज्यले वातावरणीय संरक्षणलाई विकाससँग तादात्म्य कायम गर्दै दिगो विकासको उपलब्धिका लागि उपयोग गर्नुपर्ने दायित्व रहेको तथा अनुसूची-६ र ८ मा वातावरण संरक्षण साझा सूचिको रूपमा रहेको हुँदा ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको झोलामा लगाइएको प्रतिबन्धलाई पूर्ण रूपमा लागू गर्न संघ, प्रदेश र स्थानीय तह बीच वित्तिय विनियोजन, संस्थागत सम्बन्ध, मानव साधन परिचालन, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन तथा समग्र कार्यान्वयनमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा काम गर्नु आवश्यक देखिन्छ। साथै, प्लाष्टिक नियमन सम्बन्धमा नितिगत तथा संरचनागत सुधारको लागि आवश्यक पर्ने स्रोतसाधन, संरचना, प्रणाली वा कार्यान्वयनकारी खाकाका सम्बन्धमा समेत बृहत् अध्ययन आवश्यक देखिन्छ। प्लाष्टिकको नियमन कुनै एक मन्त्रालय वा एक निकायको अधिन नभई विभिन्न मन्त्रालयको सहकार्य एवम् तीनै तहका सरकारको समन्वयबाट मात्र सम्भव हुने हुँदा सम्बन्धित सबै निकायले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने कामकारबाहीहरू कर्तव्यनिष्ठ भई पूरा गर्नुपर्ने देखिन्छ। यदि कुनै तहको सरकार र मन्त्रालयमातहत उक्त कामकारबहीलाई पूरा गर्न जिम्मेवार निकायको स्थापना गरिएको छैन भने त्यस्तो निकाय स्थापना गरी आवश्यक पर्ने स्रोतसाधन र बजेट समेत छुट्याई अन्य तहका सरकार र मन्त्रालयसँग निरन्तर संवादका लागि आवश्यक पर्ने समन्वयात्क प्रणालीको विकास गर्नुपर्ने देखिन्छ। त्यस्तै, प्लाष्टिकका झोलाको नियमनका सम्बन्धमा विपक्षीहरूले हालसम्म सामना गर्नुपरेको समस्याहरूलाई पहिचान गरी तीनको समाधानका लागि नितिगत, कानूनी एवम् प्रणालीगत सुधार गर्न उक्त स्रोतसाधनको परिचालन आवश्यक देखिन्छ। त्यसरी राज्यका स्रोतसाधनको यथार्थ परिचालन गरिएको अवस्थामा वास्तविक रूपमा वातावरण सम्बन्धी हकको क्रमिक प्राप्तिका लागि राज्य तत्पर रहेको र भविष्यमा

स्रोत साधनको पर्याप्त उपलब्धता निश्चित भएमा वातावरण सम्बन्धी मौलिक हकको पूर्ण प्रचलन हुनेछ भन्नेमा नागरिकहरू विश्वस्त हुन सक्तछन्। उक्त विश्वासलाई उजागर गर्न राज्यले ४० माइक्रोनभन्दा पातला प्लाष्टिकमा लगाइएको रोकको पूर्ण कार्यान्वयनतर्फ पर्याप्त प्रयास गर्नु अपरिहार्य देखिन्छ।

४३. **तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा**, मिसिल संलग्न नेपाल प्लाष्टिक संघको विज्ञ अध्ययन प्रतिवेदन तथा बहसनोटहरूमा उल्लेख भएअनुसार प्लाष्टिक प्रदूषण नियन्त्रणलाई केवल माइक्रोनको मापदण्डमा सीमित नराखी पुनर्चक्रणयोग्यता (Recyclability), चक्रिय अर्थतन्त्र (Circular Economy)[१३] र विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility)[१४] जस्ता व्यापक अवधारणामा आधारित बनाउनु उपयुक्त देखिन्छ। यी अवधारणामा आधारित रही हाल प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ जारी गरिएको देखिन्छ। उक्त निर्देशिकाले दफा ३ मा प्लाष्टिक झोलाको मापदण्डमा ४० माइक्रोनको न्यूनतम मोटाइलाई आधार बनाएकोमा उत्पादन गर्दा प्रयोग गर्नुपर्ने कच्चा पदार्थ, प्लाष्टिक झोलाको साइज र गार्बेज झोलाहरूको साइज समेत तोकेको देखिन्छ। यसबाहेक दफा ४ मा विस्तारित उत्पादक उत्तरदायित्व प्रणालीलाई कार्यान्वयनमा ल्याउन प्रत्येक झोलाको बाहिरी भागमा नमेटिने खालको मसी (Permanent Ink) प्रयोग गरी उत्पादन गर्ने कम्पनी/उद्योगको नाम र ठेगाना समेत न्यूनतम साइज १८-२० फन्टको हुने गरी छाप्नुपर्ने व्यवस्था गरिएको

[१३] United Nations Development Programme, *What is Circular Economy and Why Does It Matter?*, UNDP Climate Promise (Apr. 24, 2023), https://climatepromise.undp.org/news-and-stories/what-is-circular-economy-and-how-it-helps-fight-climate-change. [A circular economy redefines how we produce, use, and dispose of resources. It shifts away from the linear "take-make-waste" economic model toward systems that are designed to reduce waste and pollution, keep materials and resources in use for as long as possible, and regenerate natural systems, underpinned by a transition to renewable energy.].

[१४] प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ को दफा २(ध) मा उल्लिखित परिभाषा अनुसार 'विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility-EPR) भन्नाले उत्पादकलाई आफ्ना उत्पादनहरूको सम्पूर्ण जीवनचक्र (Lifecycle) मा उत्तरदायी बनाउने एक नीतिगत दृष्टिकोण सम्झनुपर्छ; Konalsi Gjoka, *Extended Producer Responsibility (EPR): A Practical Guide for Businesses*, EU4GreenGen, EUR.External Action Serv. (2026), https://www.eeas.europa.eu/sites/default/files/2026/documents/Guide%20English_EPR%20Law_0.pdf. [EPR is the principle according to which businesses that place products on the market also assume financial and organizational responsibility for the management of the waste generated by those products after use.].

देखिन्छ। यसबाहेक उक्त निर्देशिकाको दफा ५ मा उत्पादक, दफा ६ मा आयातकर्ता, दफा ७ मा विक्रेता र दफा ८ मा प्रयोगकर्ताले पालना गर्नुपर्ने दायित्व एवम् सर्तहरू उल्लेख गरिएको छ जसमध्ये दफा ५ को उपदफा (१) र दफा ६ को उपदफा (६) ले क्रमशः उत्पादक र आयातकर्ताले आफूले उत्पादन गरेको प्लाष्टिक झोलाको कम्तिमा दश प्रतिशत मात्रा हुने गरी प्लाष्टिक फोहोरको व्यवस्थापन गर्नुपर्नेछ र त्यस्तो विवरण वार्षिक रूपमा विभागमा पेस गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ। यसरी निर्देशिकाले विस्तारित उत्पादक दायित्वको अवधारणालाई नेपाल कानूनमा अंगिकार गराइएको प्रष्ट छ।

४४. विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility) प्रणालीलाई यहाँ आफूले उत्पादन वा आयात गरेको प्लाष्टिकको दश प्रतिशत मात्रा आफैले व्यवस्थापन गर्नुपर्ने अवधारणाको रूपमा मात्र बुझ्नु उचित हुँदैन। यो प्रणाली समग्र प्याकेजिङ फोहोरमैलाको पुनः प्रयोग, पुनः चक्रण र व्यवस्थापनको प्रमुख पद्धतिको रूपमा प्रयोग भइरहेको छ। उक्त अवधारणाले व्यवसाय र मानव अधिकार (Business and Human Rights) को बहसलाई समर्थित गर्दै प्रत्येक उत्पादक तथा आयातकर्ताले आफूले वातावरणमा गर्ने प्रदुषणलाई नियन्त्रण तथा न्यूनिकरण गरी मानव अधिकार संरक्षणमा उत्तरदायित्व निभाउनुपर्छ भन्ने मान्यतालाई प्राथमिकता दिएको पाइन्छ। उद्योगले उत्पादन गरेको फोहोरमैलाको लगातार अनुरेखन गरी वातावरणमा अवाञ्छित रूपमा यत्रतत्र फैलिन नदिई प्रदुषणको न्यूनिकरण गर्ने प्रमुख जिम्मेवारी उपभोक्ताको नभई उत्पादक वा आयातकर्ता उद्योगमै रहने विषयवस्तुलाई अंगिकार गरेको यस अवधारणाले प्रत्यक्ष रूपमा polluter pays principle लाई सशक्त बनाएको देखिन्छ। यसका साथै उत्पादक तथा आयातकर्ता उद्योगहरूले विस्तारित उत्पादक दायित्व निर्वाह गरेका छन् छैनन् भन्ने विषयले त्यस्तो उद्योगहरूको ब्रान्ड छवि समेत तय गर्ने हुँदा त्यस्तो उत्पादन खरिद गर्ने वा नगर्ने भन्ने विवेकपूर्ण निर्णय गरी वातावरण संरक्षणमा योगदान गर्न उपभोक्ता जनमानसलाई सहयोग पुर्‍याउँछ। यस्तो वृहत् सैद्धान्तिक धरातलमा उभिएको विस्तारित उत्पादक दायित्वको अवधारणालाई उद्योगले उत्पादन वा आयात गरेको दश प्रतिशत प्लाष्टिकको संकलन वा व्यवस्थापन गर्नुपर्ने दायित्वको रूपमा प्रस्तुत गर्दा औचित्यपूर्ण हुने देखिँदैन। करिब ३० वर्ष पहिले युरोपीयन संसदले

जारी गरिएको European Parliament and Council Directive 94/62/EC of 20 December 1994 on packaging and packaging waste मा ५० देखि ६५ प्रतिशत सम्म प्याकेजिङ फोहोरमैला संकलन गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरिएकोमा जलवायू परिवर्तनका नकारात्मक असर व्यहोरिरहेको नेपाल जस्तो मुलुकमा विस्तारित उत्पादक दायित्व अवधारणाको उद्‌भव भएको ३० औं वर्षपछि केवल १० प्रतिशत प्लाष्टिकको फोहोरमैला संकलन गर्नुपर्ने गरी तोकिएको व्यवस्था निन्दनिय समेत रहेको हुँदा सो समेतमा नितिगत सुधार गर्नु आवश्यक देखिन्छ।

४५. साथै, वातावरणीय प्रभावका हिसाबले पातला प्लाष्टिकका झोला मात्र नभई माइक्रोप्लाष्टिक (microplastic), माइक्रोबिड (microbead) र हरेक प्रकारका एकपटक मात्र प्रयोग हुने प्लाष्टिक (single use plastic) लाई नियमन गर्दै वैकल्पिक उपायतर्फ निर्देशित गर्नु आवश्यक देखिन्छ।[१५] प्रतिबन्ध नलगाइएका प्लाष्टिकहरूलाई पनि सकेसम्म जैविक रूपमा विघटन हुने वा कुहिने प्रकृतिको बनाउने तर्फ उद्योगहरूलाई क्षमता वृद्धि गर्नु आवश्यक देखिन्छ। खासगरी, एक पटक मात्र प्रयोग गर्न सकिने प्लाष्टिकका वस्तुहरूको उत्पादनलाई निरुत्साहित गर्दा वातावरणमा पुनः चक्रण हुन नसक्ने प्लाष्टिकको संख्या घटेर जाने र फलतः वातावरण संरक्षणमा सहयोग पुग्ने हुँदा सोतर्फ ध्यान दिनु आवश्यक देखिन्छ। यस सम्बन्धमा युरोपेली महासंघले सन् २०१९ मा जारी गरेको निर्देशिकामा विभिन्न प्रकारका एक पटकमात्र प्रयोग गर्न सकिने प्लाष्टिकहरूको पहिचान गरी तीनको उपभोग न्यूनिकरण[१६], प्रतिबन्ध[१७] वा शर्तात्मक

---

[१५] United Nations Environment Programme ले अनुशरण गरेको परिभाषा अनुसार माइक्रोबिड ले ५ उत्पादित वस्तुमा जानीजानी थप गरिएका मिलिमिटरभन्दा सानो ठोस प्लाष्टिकका सूक्ष्म कणहरूलाई बुझाउछ भने माइक्रोप्लाष्टिकले ५ मिलिमिटरभन्दा सानो प्लाष्टिकका जुनसुकै टुक्राहरू इंगित गर्दछ। हेर्नुहोस्, United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics: A Global Review of National Laws and Regulations,* p. 5 https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf

[१६] हेर्नुहोस, Directive (EU) 2019/904 of the European Parliament and of the Council of 5 June 2019 on the reduction of the impact of certain plastic products on the environment, Art. 4. Consumption Reduction:

[१७] हेर्नुहोस, Directive (EU) 2019/904 of the European Parliament and of the Council of 5 June 2019 on the reduction of the impact of certain plastic products on the environment, Art. 5. Restriction on placing on the market.

उत्पादन[१८] गर्नुपर्ने प्लाष्टिकको बर्गिकरण गरेको देखिन्छ। तीमध्ये बजारमा प्रतिवन्ध लगाएका प्लाष्टिकहरूमा कपास बड स्टिक (कान सफा गर्ने साधन), प्लाष्टिकका काँटा, छुरी, चम्चा, चपस्टिक, थाल, स्ट्र, पेय पदार्थ घोल्ने साधन, बेलुनसँग जोड्ने डन्डी, विस्तारित पोलिस्टरिनबाट बनेका खाद्य कन्टेनरहरू, विस्तारित पोलिस्टरिनबाट बनेका पेय पदार्थका कन्टेनरहरू तथा तिनका बिर्को र ढक्कनहरू पर्दछन् भने शर्तात्मक बन्देज लगाइएका वस्तुहरूमा प्लाष्टिकका ढकनी भएका सिसा तथा धातुका कन्टेनर, स्यानिटेरी प्याड, ट्याम्पन, पेय पदार्थका कपहरूको समेत उल्लेख गरिएको देखिन्छ।[१९] उक्त व्यवस्थाले प्लाष्टिकको झोलामा मात्र ध्यान नदिई पुनर्चक्रण हुन नसक्ने तथा वातावरणमा गम्भीर असर गर्ने प्रत्येक प्रकारका एक पटक मात्र प्रयोग गर्न सकिने प्लाष्टिकका (single use plastics) उपभोग्य वस्तुहरूलाई नियमन गरेको देखिन्छ।

४६. यसरी प्लाष्टिकमा लगाइएको नियमन तथा प्रतिवन्धलाई पूर्ण कार्यान्वयन गर्न युरोपेली संघ लगायत विभिन्न मुलुकहरूमा जरिवानाका साथै कैदको समेत व्यवस्था गरिएको देखिन्छ। उदाहरणका लागि, प्लाष्टिकमा लगाइएको प्रतिवन्ध उल्लंघन गर्ने कम्पनी वा

---

[१८] हेर्नुहोस, Directive (EU) 2019/904 of the European Parliament and of the Council of 5 June 2019 on the reduction of the impact of certain plastic products on the environment, Art. 6. Product Requirements; Art. 7. Marking Requirements.

[१९] हेर्नुहोस, Directive (EU) 2019/904 of the European Parliament and of the Council of 5 June 2019 on the reduction of the impact of certain plastic products on the environment, Annex.

Part A (cups for beverages, including their covers and lids; food containers, i.e. receptacles such as boxes, with or without a cover, used to contain food which: (a) is intended for immediate consumption, either on the spot or take away, (b) is typically consumed from the receptacle, and (c) is ready to be consumed without any further preparation, such as cooking, boiling or heating, including food containers used for fast food or other meal ready for immediate consumption, except beverage containers, plates and packets and wrappers containing food),

Part B (1. Cotton bud sticks, 2. Cutlery (forks, knives, spoons, chopsticks), 3. Plates, 4. Straws, 5. Beverage stirrers, 6. Sticks to be attached to and to support balloons, 7. Food containers made of expanded polystyrene, 8. Beverage containers made of expanded polystyrene, including their caps and lids, 9. Cups for beverages made of expanded polystyrene, including their covers and lids),

Part C (Beverage containers with a capacity of upto three litres, i.e. receptacles used to contain liquid, such as beverage bottles including their caps and lids and composite beverage packaging including their caps and lids, but not: (a) glass or metal beverage containers that have caps and lids made from plastic, (b) beverage containers intended for food for special medical purposes), and

Part D (1. Sanitary towels, tampons and tampon applicators, 2. Wet wipes, i.e. pre-wetted personal care and domestic wipes, 3. Tobacco products with filters and filters marketed for use in combination with tobacco products, and 4. Cups for beverages.)

संस्थाका प्रतिनिधि व्यक्तिहरूलाई बेनिनमा ३ देखि ६ महिना कैद गर्न सक्ने व्यवस्था गरिएको देखिन्छ। तर, अधिकांश मुलुकहरूमा भने उत्पादक तथा आयातकर्ता उद्योगहरूलाई प्लाष्टिकको प्रत्येक उत्पादनमा लेभी वा शुल्क लगाइएको पाइन्छ।[२०] साथै, प्लाष्टिकका उपभोक्ता समेतले आफूले उपभोग गरेको प्लाष्टिकको वस्तु बापत लेभी वा शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ।[२१] यसबाहेक अघिल्ला प्रकरणहरूमा उल्लेख गरिएजस्तो विस्तारित उत्पादक दायित्वलाई अनुशरण गर्ने मुलुकहरूको संख्या पनि त्यतिकै धेरै रहेको छ। उक्त विस्तारित उत्पादक उत्तरदायित्व अन्तर्गत प्रायः मुलुकहरूले युरोपेली संघको मापदण्डलाई अनुशरण गर्दै ५५ प्रतिशत लाई न्यूनतम पुनः चक्रण लक्ष्यको रूपमा तोकेको पाइन्छ।[२२] यसबाहेक अनुशरणयोग्य अन्य अभ्यासहरूमा अर्जेन्टिनामा वातावरण तथा दिगो विकास मन्त्रालय अन्तर्गत दिगो सहरहरूको इकाई गठन गरी प्लाष्टिक श्रमिक संघ, प्लाष्टिक पुनःचक्रण महासंघ तथा नागरिक संस्थाहरूसँग समन्वय गरी प्लाष्टिक प्रतिबन्धलाई कार्यान्वयन गर्न रणनीति तय गर्ने गरेको देखिन्छ।[२३] त्यस्तै, फिलिपिन्समा केन्द्रिय कानून नभएतापनि ५० भन्दा बढि सहरहरूले स्थानीय आदेश जारी गरी प्लाष्टिकको प्रतिबन्धमा काम गरेको पाइन्छ।[२४] त्यस्तै, संयुक्त राज्य अमेरिकामा पनि स्थानीय तवरबाटै प्लाष्टिक प्रतिबन्धको

---

[२०] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 34, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf. (Twenty-seven (27) countries have instituted taxes on the manufacture, import or production of plastic bags.)

[२१] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 34, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf. (Thirty (30) countries have a levy or fee charged to consumers. Countries have adopted general or specific legislation which set a defined fee per plastic bag type as well as more discretionary approaches which allow the retailer to determine the fee to be charged for each type of plastic bag.)

[२२] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 67, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf.

[२३] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 46, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf. (In Argentina the Ministry of Environment and Sustainable Development has a unit of sustainable cities (ciudades sustenables) which is in charge of the issues related with plastic bags. This Unit is working with the plastic workers' union (sindicato de trabajadores del plastic), the chamber of plastic recyclers (la camara de recicladores plasticos) and other civil organizations that are related to the matter in order to create strategies to ban and/or reduce the use of conventional plastic bags.)

[२४] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 46, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf. (In the

कार्यान्वयनमा प्रयास भइरहेको देखिन्छ।[५४] केहि मुलुकहरूमा deposit-refund schemes मार्फत् उपभोक्ताहरूले पुनः चक्रण हुन सक्ने प्लाष्टिकका बोतलहरू पुनः चक्रण प्रणालीमा फिर्ता गरिएको अवस्थामा पैसा फिर्ता गरिने व्यवस्था गरिएको पाइन्छ। यो अभ्यास जर्मनी लगायतका युरोपेली मुलुकहरूमा सफलतापूर्वक प्रचलनमा रही करिब ९० प्रतिशत भन्दा बढी बोतलहरू पुनः चक्रण प्रणालीमा फिर्ता हुन थालेको तथ्यांकहरूले बताउँछ।[५५]

४७. त्यस्तै, प्लाष्टिक प्रदुषणलाई न्यूनिकरण गर्न कार्बन क्रेडिट जस्तै प्लाष्टिक क्रेडिट प्रणाली समेत स्थापना भई सञ्चालनमा भइरहेको अवस्था छ। यस प्रणाली अन्तर्गत प्लाष्टिक पुनः चक्रण गर्ने व्यवसायीहरूबाट प्लाष्टिक उत्पादक तथा आयातकर्ता उद्योगहरूले क्रेडिट खरिद गरी आफ्ना पुनः चक्रण लक्ष्य हासिल गर्न सक्दछन्। यस्तो प्रणालीबाट प्रदुषकले आफूले प्रदुषण गरी वातावरणमा ह्रास ल्याए बापत त्यसको परिपूर्ति गर्न निश्चित रकम तिरी आफ्नो दायित्व निर्वाह गर्न सक्दछन्। यस्तो व्यवस्थाले प्लाष्टिक उत्पादनलाई नियमन गर्नुका साथै उत्पादित तथा आयातित प्रत्येक प्लाष्टिकलाई अनुरेखन गरी पुनः चक्रण प्रणालीलाई पारदर्शी बनाउने तथा प्रभाव प्रतिवेदनलाई नक्शांकन गर्न सहायता पुग्दछ। समग्रमा यस प्रणालीले विस्तारित उत्पादक दायित्वलाई प्रवर्द्धन गर्ने देखिन्छ।

---

Philippines while there is no national law or regulation on plastics, 59 cities and municipalities, mostly in and around the national capital region, have enacted local ordinances that ban or charge a levy on plastic bags.).

[५४] United Nations Environment Programme, *Legal Limits on Single-Use Plastics and Microplastics*, p. 46, https://wedocs.unep.org/bitstream/handle/20.500.11822/27113/plastics_limits.pdf. (In the US, Only California and Hawaii have state wide bans on non-biodegradable plastic bags. In addition, Washington D.C. passed Legislation to help protect the Anacostia River, and money raised from the plastic bag levy is helping to clean up the river. 6 cities have plastic bag bans (Austin, Boston, Chicago, Los Angeles, San Francisco and Seattle Washington. 6 counties/cities have plastic bag fees (Boulder, Brownsville, Montogomery Country, New York, Portland, Washington D.C. 10 states have outlawed plastic bag bans including in Arizona, Florida, Michigan, Wisconsin, Idaho, Minnesota, Mississippi, Missouri, Indiana, Iowa.).

[५५] Nina Maier (ed.), European Network of the Heads of Environment Protection Agencies (EPA Network), Interest Group on Plastics, *Deposit-Return Schemes: Data and Figures from 16 Member Countries of the EPA Network (Mar. 2018)*, pp.11-12 https://epanet.eea.europa.eu/reports-letters/reports-and-letters/ig-plastics_working-paper_deposit-return-schemes.pdf. (Denmark, The total percentage of disposable packaging with deposit is 90%. The *Dansk Retursystem* is a non-profit environmental company that exclusively operates the deposit and return system in Denmark; Finland, Return rates for cans lie at 96%, for plastic bottles at 92%. Single use glass bottles are returned to 88%, reusable ones to 97%; Germany, In Germany, approximately 98% of all PET bottles, 98% for single-use and 99% of cans with deposits are returned.).

४८. उल्लिखित कार्यान्वयन प्रणाली मध्ये नेपालमा वातावरण संरक्षण ऐन, २०७६ अन्तर्गत दफा ३५ को उपदफा (३) मा ...कसैले ऐन वा ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र ऐन वा ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्ने व्यवस्था गरिएको देखिन्छ। उक्त व्यवस्था बमोजिम उत्पादक उद्योगहरूलाई तारान्तर जरिवाना गरिएको भनी विपक्षी नेपाल सरकारद्वारा यस अदालतमा पेस गरिएको प्रगति विवरणमा उल्लेख भएको देखिन्छ। समान प्रकारका कानूनी व्यवस्थाहरू फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ मा पनि उस्ताउस्तै व्यवस्था रहेको देखिन्छ।[२९] उक्त व्यवस्थाहरू विरोधाभाषपूर्ण रही कानूनी कार्यान्वयनमा बाधा सिर्जना भएको भनी अधिवक्ता सुलोचना घिमिरेले बहसनोट पेस गर्नु भएको भएतापनि वातावरण संरक्षण ऐन, २०७६ बमोजिम जारी गरिएको नियम अथवा निर्देशिकाको कार्यान्वयनका लागि भने सोही ऐनकै व्यवस्था आकर्षित हुने देखिन्छ। यद्यपि उक्त प्रबन्धहरूमा विरोधाभाष आउन सक्ने अवस्था भएमा कानूनको संशोधन

---

[२९] फोहोरमैला व्यवस्थापन ऐन, २०६८; दफा ३८. कसूरः कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

... (ण) फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

दफा ३९. सजायः ... (१०) दफा ३८ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय गर्न सक्नेछ।

मुलुकी अपराध संहिता, २०७४; दफा ११२. वातावरण प्रदुषित गर्न नहुनेः (१) कसैले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पुऱ्याउने गरी फोहोरमैलाको उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार गर्न वा थुपार्नु हुँदैन।

(२) कसैले सर्वसाधारणको स्वास्थ्यमा हानि पुऱ्याउने गरी वा जीउ ज्यानको लागि खतरा हुन सक्ने गरी प्रदुषण गर्न वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको इजाजत बिना यान्त्रिक साधनबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण वा जोखिमपूर्ण फोहोरमैलाको उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार गर्न वा थुपार्नु हुँदैन।

(३) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) उपदफा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

गरी एकरूपता कायम गर्नु वाञ्छनीय देखिन्छ। यसबाहेक विभिन्न मुलुकहरूमा सफलतापूर्वक अभ्यास भइरहेको स्थानीय नियमन तथा अनुगमनलाई हाम्रोमा समेत अनिवार्य गरी संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ। उदाहरणका लागि, विपक्षी नेपाल सरकारले प्लाष्टिक तथा प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध लागू गर्न स्थानीय तथा प्रदेश तहका लागि नमूना कानून बनाई तीनको कार्यान्वयनकारी प्रणाली समेतको उल्लेखन् गरी दिन सक्दछ। जसमा प्लाष्टिकको उत्पादक तथा आयातकर्ताको रूपमा रहेका उद्योग सँगसँगै प्रत्येक स्थानीय तह तथा प्रदेशलाई निजको भौगोलिक क्षेत्राधिकार भित्र वितरण तथा प्रयोगमा आएको प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य वस्तुको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्लाष्टिक व्यवसायी मार्फत् निरन्तर अनुरेखन गरी पुनः चक्रणको लक्ष्य समेत निर्धारण गर्न दिई कार्यान्वयनमा ल्याउन सकिन्छ।

४९. यसबाहेक प्लाष्टिक पुनः चक्रण गर्ने उद्योगहरूलाई प्रवर्द्धन गर्न त्यस्ता उद्योगहरूबाट प्लाष्टिक उत्पादक तथा आयातकर्ताहरूले प्लाष्टिक क्रेडिट खरिद गरी पुनः चक्रण लक्ष्य हासिल गर्नेतर्फ उन्मुख बनाउन सकिन्छ। उत्पादक तथा आयातकर्तालाई अनिवार्य दर्ता, उत्पादन अभिलेख र वार्षिक प्रतिवेदनको दायित्व तोकी सोको केन्द्रीकृत database निर्माण गर्नु र वैकल्पिक (biodegradable) झोला उत्पादन गर्ने उद्योगलाई कर, भन्सार सहुलियत र ग्रीन क्रेडिटजस्ता प्रोत्साहनमूलक व्यवस्था गर्नु राज्यको दायित्वभित्र पर्ने देखिन्छ। विस्तारित उत्पादक दायित्वसँग सम्बन्धित यि सबै उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ मा निर्धारण गरिएको संकलन तथा पुनःचक्रण लक्ष्यलाई परिमार्जन गरी न्यूनतम ५० प्रतिशत तोक्नु उपयुक्त हुन्छ। त्यस्तै, तीनै तहको सरकारबीचको संस्थागत समन्वयका लागि संघीय तहमा नीति निर्माण, राष्ट्रिय मापदण्ड निर्धारण र राजपत्र प्रकाशनको भूमिका, प्रदेश तहमा अन्तर-स्थानीय तह समन्वय र क्षेत्रीय अनुगमनको भूमिका, र स्थानीय तहमा प्रत्यक्ष अनुगमन, स्रोतमै फोहोर वर्गीकरण, on-the-spot जरिवानाको अधिकार र दण्डको कार्यान्वयनको भूमिका स्पष्ट रूपमा निर्धारण हुनुपर्ने देखिन्छ।

५०. साथै, विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility) सम्बन्धी दायित्व पूरा नगर्ने उद्योगको उद्योग दर्ता नवीकरण तथा आयात अनुमति जस्ता

नियामकीय प्रक्रियासँग EPR अनुपालनलाई आबद्ध गर्न सकिन्छ। यसका लागि यस अदालतले प्रस्तुत रिट निवेदनको सुनुवाईको विभिन्न चरणमा संघ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय, अन्तर्क्रिया र छलफल गरी प्लाष्टिकजन्य झोलाको उत्पादन, आयात, प्रयोग र विसर्जनलाई संघको नितिगत नेतृत्वमा प्रदेशको अनुगमनकारी भूमिका तथा स्थानीय तहको लक्ष्यात्मक परिचालनबाट ४० माइक्रोन भन्दा पातला प्लाष्टिक झोलाको र अन्य एक पटक मात्र प्रयोग हुने प्लाष्टिकजन्य वस्तुहरूको प्लाष्टिकको प्रतिबन्धात्मक व्यवस्थालाई कार्यान्वयन गर्न सकिन्छ। साथै, नितिगत तथा कानूनी सुधारका क्रममा Basel Convention on Control of Transboundary Movements of Hazardous Wastes and their Disposal, 1989 ले गरेका व्यवस्थाहरूलाई समेत राष्ट्रिय कानून, प्रणाली तथा वित्तिय विनियोजनमा प्रतिबिम्बित गरी सुधारात्मक प्रयास गर्नु आवश्यक रहेको देखिन्छ।

५१. **अब चौथो एवम् अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा,** प्रस्तुत रिट निवेदन दायर हुँदाका बखत आ.व. २०७८।७९ को बजेट वक्तव्यको बातावरण संरक्षणसम्बन्धी बुँदा नं. १६० मा प्लाष्टिकजन्य पदार्थबाट हुने बातावरणीय प्रदुषण नियन्त्रण गर्न ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको प्रतिबन्ध गर्ने व्यवस्था आएकोमा उक्त व्यवस्था पुनः ०८२।८३ को बजेट बक्तव्यको बुँदा नं. ११८ मा पुनः उल्लेख भई २०८२ मंसिर १ गतेदेखि लागू हुने व्यवस्था गरिएको देखिन्छ। ०७८।७९ मा बजेट बक्तव्य जारी भई लागू नभएको ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको प्रतिबन्धलाई ०८२।८३ मा सशक्त गरिएको भएतापनि निरन्तर बजेट विनियोजन, स्रोत साधन व्यवस्थापन, संघ, प्रदेश तथा स्थानीय इकाईको समन्वय, मुलुकभित्र तथा सीमामा निरन्तर अनुगमन प्रणाली र विस्तारित उत्पादक दायित्व कार्यान्वयनको एकीकृत प्रणाली स्थापना नहुँदासम्म फेरि पनि उक्त बजेट वक्तव्य तथा सूचनाहरू पूर्णतः कार्यान्वयन नहुने स्थितिमा पुग्ने देखिन्छ। राज्यको कुनै पनि निति तथा कानूनी व्यवस्था कार्यान्वयन भई प्रचलनमा आउने होइनन् भने ती व्यवस्थाहरूको कुनै पनि अर्थ रहँदैन र फलतः सम्बन्धित मौलिक हकको प्रचलनका लागि जारी गरिएका त्यस्ता नितिगत, कानूनी एवम् वित्तिय व्यवस्थाहरू कागजमा सिमित रहन्छन्। राजपत्रमार्फत लागू भइसकेको, अनुगमन तथा कारबाहीका कार्यहरूलाई निरन्तरता दिई विस्तारित उत्पादक दायित्व लगायतका

प्रणालीलाई वास्तव मै संस्थागत गरी विद्यमान नितिगत तथा कानूनी व्यवस्थालाई सुधार गर्ने तर्फ राज्यका संसाधनहरू निर्देशित हुनु आवश्यक छ। तसर्थ, राज्यले आफै जारी गरेको नितिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयन गर्न मागदावी लिई पेस भएको प्रस्तुत रिट निवेदन जलवायु न्याय तथा नेपालको संविधानले प्रदत्त गरेको मौलिक हक सम्बन्धी व्यवस्था अनुकूल नै रहेको देखिन आयो।

५२. अतः ४० माइक्रोन भन्दा पातला प्लाष्टिक तथा अन्य एक पटक मात्र प्रयोग हुने प्लाष्टिकजन्य बस्तु (single-use plastic) ले जलवायु परिवर्तनलाई तिव्रता दिई वातावरणमा लगातार क्षति पुऱ्याउने हुँदा ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकजन्य झोला प्रतिबन्धको पूर्ण कार्यान्वयन हुन नसक्नुले निरन्तर रूपमा नेपालको संविधानको धारा १६ ले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ३० मा व्यवस्थित गरिएको स्वच्छ तथा सफा वातावरणको हकको प्रचलनमा बाधा पुऱ्याएको देखिँदा नेपालको संविधान प्रदत्त यी मौलिक हकको प्रचलनका धारा ४६ र १३३ (२) र (३) बमोजिम नेपाल सरकारबाट जारी भएको प्लाष्टिक झोला प्रतिवन्ध सम्बन्धी कार्ययोजना, २०७८, आ.व. २०७८।७९ को बजेट वक्तव्यको वातावरण संरक्षणसम्बन्धी बुँदा नं. १६० र आ.व. ०८२।८३ को बजेट वक्तव्यको बुँदा नं. ११८ मा उल्लेखित प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने तर्फ राज्यका स्रोत साधन परिचालन गर्नु भनी परमादेश जारी गरिएको छ।

५३. साथै, एक पटक मात्र प्रयोग गर्न सकिने प्लाष्टिक (single use plastic), माइक्रोबिड्स (microbeads) तथा माइक्रोप्लाष्टिक (microplastic) ले वातावरणमा पुऱ्याउने असरलाई न्यूनिकरण गर्न नितिगत तथा कानूनी सुधार गरी प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गर्नु वाञ्छनिय देखिँदा देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छः-

क. ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री-वितरण तथा प्रयोगमा लागू भइसकेको प्रतिबन्धलाई देशव्यापी रूपमा निरन्तर, प्रभावकारी र भेदभावरहित तवरले कार्यान्वयन गर्नु गराउनू। साथै, माइक्रोप्लाष्टिक (microplastics) तथा माइक्रोबिड्स (microbeads) को प्रयोगको उत्पादन, आयात,

बिक्री वितरण तथा प्रयोगको नियमनका सम्बन्धमा अध्ययन गरी मापदण्ड निर्धारण गर्ने तर्फ आवश्यक व्यवस्था गर्नू गराउनू;

ख. प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ मा रहेको Extended Producer Responsibility सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पुनः प्राप्ति तथा पुनः चक्रण लक्ष्य (recollection and recycling targets) लाई कम्तिमा ५० प्रतिशतमासम्म हुने गरी निर्धारण गर्दै त्यसको कार्यान्वयनका लागि एकीकृत सूचना प्रणाली (Integrated Information System) को स्थापना गर्नू; उक्त व्यवस्था प्लाष्टिकको प्याकेजिङ (packaging) तथा कन्टेनर (container) प्रयोग गर्ने उद्योगहरूको हकमा समेत लागू गर्न अध्ययन तथा पूर्वतयारी गरी आवश्यक कामकारबाही अघि बढाउनू;

ग. प्लाष्टिक उत्पादक तथा आयातकर्ताको केन्द्रीकृत database तयार गरी अनिवार्य दर्ता, उत्पादन अभिलेख र वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनू;

घ. प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ र प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ को पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने सम्बन्धमा समकक्षी निकायको रूपमा विपक्षी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत रहने गरी प्लाष्टिकजन्य वस्तु उत्पादन, आयात, वितरण तथा प्रयोग गर्ने उद्योगहरूको निरन्तर अनुगमन तथा नियमनका लागि आवश्यक पर्ने मानवीय संशोधन र बजेट समेत छुट्याई जिम्मेवार निकायको स्थापना गर्नू गराउनू;

ङ. प्लाष्टिक लगायतका फोहोरमैला सम्बन्धी कानूनी-व्यवस्थाको कार्यान्वयन गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ मा रहेको प्लाष्टिक लगायतका फोहोरमैला प्रदुषण सम्बन्धी कसूरका सम्बन्धमा गरिएका दण्डात्मक व्यवस्थाहरूको अध्ययन गरी एकरूपता कायम गर्नू;

च. संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन र वित्तीय जिम्मेवारी निर्धारण गरी विपक्षी नेपाल सरकारले प्लाष्टिकजन्य वस्तुमा लगाइएको प्रतिबन्धलाई कार्यान्वयन गर्ने सम्बन्धी नमूना ऐन बनाई स्थानीय तहलाई निर्देशन दिई जरिवाना गर्ने अधिकार

समेतको व्यवस्था गरी कार्यान्वयनमा ल्याउनू। उक्त कानून कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक क्षमता र स्रोतसाधनसहित प्रत्येक स्थानीय तहलाई सक्षम बनाउनू;

छ. ४० माइक्रोन वा सोभन्दा बाक्लो तथा वातावरणमैत्री विकल्प उत्पादन गर्ने उद्योगलाई प्रविधि हस्तान्तरण, पुँजीगत अनुदान, कर तथा भन्सार सहुलियतको व्यवस्था यथाशीघ्र कार्यान्वयनमा ल्याई प्रभावित उद्योगहरूलाई संक्रमणकालीन सहजीकरण गर्नू;

ज. Polluter Pays Principle कार्यान्वयन गरी लक्ष्य पूरा नगर्ने उद्योगलाई जरिवाना वा लाइसेन्स निलम्बनसम्मको दण्डात्मक व्यवस्था प्रभावकारी रूपमा लागू गर्नू;

झ. स्रोतमै फोहोर वर्गीकरण गरी प्लाष्टिक झोला र प्लाष्टिकजन्य वस्तुको पुनर्चक्रणलाई प्रवर्द्धन गर्न स्थापना गर्नुपर्ने प्रणालीका सम्बन्धमा अध्ययन अनुसन्धान गरी उपयुक्त प्रणाली छनौट गरी स्थापना गर्नू गराउनू;

ञ. प्लाष्टिकका झोला र प्लाष्टिकजन्य अन्य पदार्थहरू नदि एवम् वनमा फाल्ने, विसर्जन गर्ने र ती वस्तु/पदार्थहरू नदी प्रणाली मार्फत् समुद्रमा पुगी वैश्विक वातावरण/पर्यावरणमा पार्ने असरलाई मध्येनजर गर्दै प्लाष्टिकबाट सामुद्रिक जीवनमा पर्ने असरलाई न्यूनिकरण गर्न आवश्यक नीति तथा कार्ययोजना बनाई लागू गर्नु गराउनू;

ट. यस अदालतले प्रस्तुत रिट निवेदनको चरणबद्ध सुनुवाईका क्रममा प्लाष्टिकजन्य वस्तुहरूको प्रतिबन्ध कार्यान्वयन गर्ने सम्बन्धमा प्रत्येक दुई महिनामा प्रगति प्रतिवेदन पेस गर्नू भनी जारी गरेका आदेशलाई संस्थागत गरी अब उप्रान्त प्रत्येक छ महिनाको अवधिमा प्रतिवेदन पेस गर्ने पद्धति बसाई लागू गर्नू गराउनू।

५४. अरू तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

१. यस आदेशबमोजिम भए गरेका कार्यहरूको प्रगति विवरण फैसला तयार भएको ६ महिनाभित्र यस अदालतमा पेस गर्नु भनी विपक्षीहरू तथा महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनू। साथै, प्रस्तुत रिट निवेदनको चरणबद्ध सुनुवाईका क्रममा प्लाष्टिकजन्य वस्तुहरूको प्रतिबन्ध कार्यान्वयन गर्ने सम्बन्धमा प्रत्येक

दुई महिनामा प्रगति प्रतिवेदन पेस गर्नू भनी जारी गरेका आदेशलाई संस्थागत गरी अब उप्रान्त प्रत्येक छ महिनाको अवधिमा फैसला कार्यान्वयन निर्देशनालयमा प्रगति प्रतिवेदन पेस गर्ने पद्धति बसाई निर्देशनालयले प्रत्येक ६ महिनामा प्रगति विवरण सहितको प्रतिवेदन पेस गर्न भनी लेखी पठाउनू।

२. यो आदेशको १/१ प्रति विपक्षीहरू र महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू।

३. आदेश कार्यान्वयनका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम यस आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालयमा पठाइदिनू।

४. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

(हरिप्रसाद फुयाल)

उक्त रायमा म सहमत छु।

न्यायाधीश

(अब्दुल अजीज मुसलमान)

<u>फैसला तयार गर्न सहयोग गर्ने:</u>

इजलास अधिकृत: रोदिप सुनाम (उपसचिव), राकेश बम (शाखा अधिकृत)

अनुसन्धानमा सहयोग गर्ने: प्रीज्मा न्यौपाने (ईन्टर्न)

इति संवत् २०८३ साल असार महिना २५ गते रोज ५ शुभम्.......................।